# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: २०७५।७६

च. नं.

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
कृष्णपुर नगरपालिका,
गुलरिया, कञ्चनपुर ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शन र अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६ करोड १० लाख १९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६४ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २४ लाख ४४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ३० लाख ७२ हजार र पेश्की रु.१ करोड ९० लाख ९ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।१ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियासहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २० यसैसाथ संलग्न छ ।

**कैफियतसहितको लेखापरीक्षण राय** - कैफियतसहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरुबाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन, आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# कृष्णपुर नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न कृष्णपुर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा रहेको यो  नगरपालिका अर्न्तगत वडा ९ र क्षेत्रफल २५५.२० वर्ग किलोमिटर रहेको तथा जनसंख्या  ५६ हजार १२० रहेको छ ।

**स्थानीय सञ्चित कोष :–** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चित कोषको आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| . | विवरण | रकम | . | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **२,७०,८६,९३८/६०** | १ | **चालु खर्च** | **३४,१९,१६,७२८/११** |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | **११,७८,२२,९५३/०७** |
| | ख) बैंक | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | **५४,४४,४४६/०९** | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | **४०४४७५५१५/४२** | | ऋण लगानी | |
| | क) वित्तीय समानीकरण अनुदान | | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | **धरौटी फिर्ता** | **८०,६५,०८१/-** |
| | घ) विशेष अनुदान | | ६ | **कोष खर्च** | **१५,५७,८२१/-** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **५,०३,०००/-** | | | |
| | क) वित्तीय समानीकरण अनुदान | | | | |
| | ख) सशर्त अनुदान | | | | |
| | ग) समपूरक अनुदान | | ७ | **विषयगत कार्यालय खर्च** | - |
| | घ) विशेष अनुदान | | ८ | **मौज्दात** | **४,९६,०३,१३९/८३** |
| ५ | **विभिन्न कोषतर्फको आय** | **१९,४८,०१७/६८** | | क) नगद मौज्दात | |
| ६ | **विषयगत निकायबाट प्राप्त रकम** | **६,९२,१५,९०९/४०** | | ख) बैंक मौज्दात | |
| ७ | **धरौटी आय** | **१,०२,९०,०३२/६६** | | | |
| ८ | **अन्य आय** | **१,८६३/१६** | | | |
| | **जम्मा** | **५१,८९,६५,७२३/०१** | | **जम्मा** | **५१,८९,६५,७२३/०१** |

**राजस्वतर्फ :**

| क्र. सं. | शीर्षक नं. | लगत हसबली समेत | असुली | दाखिला | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | नगद | लगत |
| १. | १५११२ | १५,७१६/- | १५,७१६/- | १५,७१६/- | - | - |
| | जम्मा | १५,७१६/- | १५,७१६/- | १५,७१६/- | - | - |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **शीर्षकगत आर्थिक विवरण :–** प्रत्येक कार्यक्रम र शीर्षक अनुसारको आर्थिक विवरण तयार गरी सो अनुसारको खर्चलाई एकीकृत गरी एकमुष्ठ एकिकृत आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले शिक्षा, स्वास्थ्य, आर्युवेद, महिला, कृषि, पशु सेवा, र अन्य शीर्षकको विनियोजित बजेट, निकासा तथा खर्चको श्रेस्ता तथा आर्थिक विवरण छुट्टा छुट्टै तयार गर्नुपर्नेमा सम्पूर्ण खर्चको श्रेस्ता एकमुष्ठ रुपमा राखेको पाईयो । कार्यक्रम अनुसारको श्रेस्ता नराखेकोले उक्त शीर्षकहरुमा छुट्याएको रकम सोही कार्यक्रम अनुसार खर्च भएको यकिन गर्ने आधार भएन । तसर्थ कार्यालयले शिक्षा, स्वास्थ्य, आयुर्वेद, महिला, कृषि, पशु सेवा, र अन्य शीर्षकको विनियोजित बजेट, निकासा तथा खर्चको श्रेस्ता तथा आर्थिक विवरण छुट्टा छुट्टै तयार गर्नुपर्ने देखिन्छ । | |
| २. | **आर्थिक विवरण :–** नगरपालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण तोकिएबमोजिम दोहोरो श्रेस्ता प्रणालीको प्रोदभावी (एक्रुअल) सिद्धान्तमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ । सोअनुसार लेखा राखेको देखिएन । दोहोरो स्रेस्ता प्रणाली अनुसारको प्रोदभावी लेखा तयार गर्नुपर्दछ । | |
| ३. | **कार्यक्रमगत खर्च खाता :–** स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यालयद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन । कार्यक्रमगत खाता राख्दा कार्यक्रमको प्रभावकारिता र उपलब्धि मापनसमेत सजिलै यकिन हुने हुँदा उक्त खाता राखी खर्च लेख्नुपर्दछ । | |
| ४. | **बजेट पेश गर्ने तथा पारित गर्ने :–** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । कार्यालयको नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट २०७४।५।७ गते पारित भएको पाईयो । ऐनले तोकेअनुसार नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट पारित गर्नुपर्दछ । | |
| ५. | **बजेट अवण्डा राखेको** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७४।७५ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी ९ वटा वडाहरुमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा एकमुष्ठ रुपमा रु. ५ करोड ९५ लाख ५५ हजार बजेट व्यवस्था गरेको छ । परिषद्बाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा माँगमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा परिषद्बाट नियममा तोकिएवमोजिम आयोजनागत बजेट बाँडफाँड गर्नुपर्दछ । | |

| सि. नं. | कार्यक्रम वा आयोजना | अवण्डा रकम |
|---|---|---|
| १. | नगरपालिकाको वार्ड नं. १ को ह्युमपाईप खरिद | २१,००,०००/- |
| २. | नगरपालिकाको वार्ड नं. १ को ग्राभेल फयुल खर्च | १६,००,०००/- |
| ३. | नगरपालिकाको वार्ड नं. १ भित्र आवश्यकता अनुसार कल्भर्ट निर्माण ( प्राविधिकको सल्लाहवाट वडा समितिको निर्णय वमोजिम ) | ३०,००,०००/- |
| ४. | नगरपालिकाको वार्ड नं. २ को ह्युमपाईप खरिद | ५,००,०००/- |
| ५. | नगरपालिकाको वार्ड नं. २ भित्रका सम्पूर्ण बाटोको ग्राभेलका लागि ईन्धन र रोयल्टी खर्च | २०,००,०००/- |
| ६. | नगरपालिकाको वार्ड नं. ३ को ग्राभेल फयुल खर्च | १५,७५,०००/- |
| ७. | नगरपालिकाको वार्ड नं. ३ को ह्युमपाईप खरिद | ३,०५,०००/- |
| ८. | नगरपालिकाको वार्ड नं. ४ को विद्युत तर्फ आवश्यक अनुदान | ४,२५,०००/- |
| ९. | नगरपालिकाको वार्ड नं. ४ को ह्युमपाईप खरिद | १२,००,०००/- |
| १०. | नगरपालिकाको वार्ड नं. ४ को बाटो ग्राभेल ( वडा समितिको निर्णय अनुसार योजना छनौट गरिने ) | ३०,००,०००/- |
| ११. | नगरपालिकाको वार्ड नं. ५ को ग्राभेल फयुल खर्च | ७,५०,०००/- |
| १२. | नगरपालिकाको वार्ड नं. ५ को ह्युमपाईप खरिद | ७,००,०००/- |
| १३. | नगरपालिकाको वार्ड नं. ६ को ग्राभेल अनुदान | ३५,००,०००/- |
| १४. | नगरपालिकाको वार्ड नं. ६ को ह्युमपाईप खरिद | १५,००,०००/- |
| १५. | नगरपालिकाको वार्ड नं. ७ को आवश्यकता अनुसारको स्थानमा ह्युमपाईप खरिद | १०,००,०००/- |

| | | |
|---|---|---|
| १६. | नगरपालिकाको वार्ड नं. ९ को भैपरी मर्मत सम्भार एंव निर्माण | ४,००,०००/- |
| १७. | समपुरक कोष | ३,४०,००,०००/- |
| १८. | छाडा चौपाया व्यवस्थापन | २०,००,०००/- |
| | **जम्मा** | **५,९५,५५,०००/-** |

६. **पूँजीगत शीर्षकबाट चालु प्रकृतिमा खर्च गरेको :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा पूँजीगत रकमवाट चालु प्रकृतिका खर्च तलव, भत्ता, बैठक भत्ता, सवारी साधन मर्मत सम्भार र ईन्धन खर्च, कुनै किसिमको चन्दा पुरस्कार दिन नपाइने व्यवस्था छ । पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमामात्र खर्च गर्नुपर्नेमा परिषदले नियम विपरित चालु प्रकृतिका कार्यमा रु. ४२ लाख ३९ हजार ५ सय वजेट विनियोजन गरी खर्च लेखेको नियमसम्मत देखिएन । पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा मात्र खर्च गर्नुपर्दछ । ४२,३९,५००।-

| सि. नं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १. | नगरपालिकाको वार्ड नं. २ को म. स्वा. स्व. से. खाजा खर्च | १०,०००/- |
| २. | नगरपालिकाको वार्ड नं. २ को योग शिविर सञ्चालन खर्च | २०,०००/- |
| ३. | नगरपालिकाको वार्ड नं. २ को कार्यालय व्यवस्थापन खर्च | ४,००,०००/- |
| ४. | नगरपालिकाको वार्ड नं. २ को भैपरी आउने र विविध खर्च | २,७७,५००/- |
| ५. | नगरपालिकाको वार्ड नं. ३ कार्यालय व्यवस्थापन खर्च | ४,१०,०००/- |
| ६. | नगरपालिकाको वार्ड नं. ३ को सवारी साधन मर्मत खर्च | २५,०००/- |
| ७. | नगरपालिकाको वार्ड नं. ४ को भैपरी आउने र विविध खर्च | ५,००,०००/- |
| ८. | नगरपालिकाको वार्ड नं. ५ को मठ मन्दिरहरुमा अनुदान खर्च | १,५०,०००/- |
| ९. | नगरपालिकाको वार्ड नं. ५ कार्यालय सञ्चालन खर्च | ४,००,०००/- |
| १०. | नगरपालिकाको वार्ड नं. ६ कार्यालय सञ्चालन खर्च | ४,००,०००/- |
| ११. | नगरपालिकाको वार्ड नं. ६ को भैपरी आउने र विविध खर्च | ३,४७,०००/- |
| १२. | नगरपालिकाको वार्ड नं. ७ को भैपरी आउने र विविध खर्च | ४,००,०००/- |
| १३. | नगरपालिकाको वार्ड नं. ८ को प्रशासनिक खर्च | ४,००,०००/- |
| १४. | नगरपालिकाको वार्ड नं. ८ को मेल मिलाप केन्द्रलाई अनुदान खर्च | १,००,०००/- |
| १५. | नगरपालिकाको वार्ड नं. ९ को प्रशासनिक खर्च | ४,००,०००/- |
| | **जम्मा** | **४२,३९,५००/-** |

७. **योजना तथा कार्यक्रम तर्जुमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने उल्लेख छ । योजनाको प्राथमिकीकरण तथा योजना छनौटका ७ चरणलाई अनुशरण गरी माँग भई आएका योजनामा लगानी गर्नुपर्दछ । परिषद्बाट योजना तथा आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी वडा कार्यालयगत निम्नानुसार बजेट बाँडफाँड गरेको छ । ऐनले तोकेअनुसार योजना तथा आयोजनागत रुपमा बजेट बाँडफाँड गरिनुपर्दछ ।

| सि. नं. | विवरण | बाँडफाँड गरेको रकम |
|---|---|---|
| १ | कृष्णपुर नगरपालिका वार्ड नं. १ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,२०,००,०००/- |
| २ | कृष्णपुर नगरपालिका वार्ड नं. २ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,००,००,०००/- |
| ३ | कृष्णपुर नगरपालिका वार्ड नं. ३ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,००,००,०००/- |
| ४ | कृष्णपुर नगरपालिका वार्ड नं. ४ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,१०,००,०००/- |
| ५ | कृष्णपुर नगरपालिका वार्ड नं. ५ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,०४,००,०००/- |
| ६ | कृष्णपुर नगरपालिका वार्ड नं. ६ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,१०,००,०००/- |
| ७ | कृष्णपुर नगरपालिका वार्ड नं. ७ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,०५,००,०००/- |
| ८ | कृष्णपुर नगरपालिका वार्ड नं. ८ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,०५,००,०००/- |
| ९ | कृष्णपुर नगरपालिका वार्ड नं. ९ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,१०,००,०००/- |
| | **जम्मा** | **९,६४,००,०००/-** |

८. **योजना खण्डीकरण :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७४।७५ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी निम्न शीर्षकहरुमा एकमुष्ठरुपमा बजेट व्यवस्था गरेको छ । कार्यालयले परिषद्बाट पारित योजना र बजेटलाई नगर कार्यपालिकाको निर्णयको आधारमा खण्डीकरण गरी परिषद्ले पारित नगरेका योजनामा खर्च गरेको छ । एकमुष्ट बजेट राख्ने तथा नगर कार्यपालिकाको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने पवृत्तिको अन्त्य गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु निम्न छन् ।

| सि. नं. | परिषदबाट पारित हुँदाको योजना | रकम | पछि निर्णय गरेको योजना | रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | नगरपालिकाको वार्ड नं. ४ को बाटो ग्राभेल ( वडा समितिको निर्णय अनुसार योजना छनौट गरिने ) | ३०,००,०००/- | **(क)** मिति २०७४।११।२९ को निर्णय अनुसार विभिन्न १९ वटा सडक ग्राभेल गर्ने कार्यकोलागि रु. १७,००,०००।०० बाँडफाँड गरेको रु. | १७,००,०००/- |
| | | | **(ख)** मिति २०७५।२।८ को निर्णय अनुसार विभिन्न १० वटा सडक ग्राभेल गर्ने कार्यकोलागि रु. ९,५५,०००।०० बाँडफाँड गरेको रु. | ९,५५,०००/- |
| २ | नगरपालिकाको वार्ड नं. ९ को बिमलको घर देखि आशा चौधरीको घर जाने बाटो ग्राभेल | १,००,०००/- | शान्तारामको घर देखि काठेपुलसम्म बाटो ग्राभेल | १,००,०००/- |
| ३ | नगरपालिकाको वार्ड नं. ९ को सिता सामुदायिक वन अगाडीको बालुवा खोलामा ह्युमपाईप | १,००,०००/- | महेन्द्र शाहीको घर देखि सिता सामुदायिक वन, बालुवा खोलासम्म ग्राभेल | १,००,०००/- |
| ४ | सरस्वती आधारभुत बिद्यालयको छाना निर्माण | ३,००,०००/- | सरस्वती आधारभुत बिद्यालयको छाना मर्मत, विद्युत पंखा जडान गर्ने | ३,००,०००/- |
| ५ | **(क)** नगरपालिकाको भवनमा सभाकक्ष निर्माण कार्य | ३०,००,०००/- | तटबन्ध निर्माण गर्न र कल्भर्ट निर्माण कार्य गर्न ६ वटा योजनाहरु सञ्चालन गर्न | ५०,००,०००/- |
| | **(ख)** नगरपालिकाको निर्णय अनुसार हुने विविध निर्माण कार्य | २५,००,०००/- | | |
| ६ | समपुरक कोषमा राखेको रकम रु. ३,४०,००,०००।०० मध्ये रु. | १,६३,२०,०००/- | बाटो ग्राभेल, ईलाका प्रहरी कार्यालय, गुलरियाको ईन्धन खर्च, विद्युत पोल खरिद, ह्युम पाईप खरिद र कल्भर्ट निर्माण गर्न विभिन्न ३७ वटा योजनाको लागि बाँडफाँड गरेको रु. | १,६३,२०,०००/- |
| | | | **जम्मा** | **२,४४,७५,०००/-** |

९. **योजना छनौट** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. ११(२)मा आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट नगरपालिकाले पाँच लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसकिने व्यवस्था गरेको छ । कार्यालयले यस आर्थिक वर्ष २०७४।७५ मा उपरोक्त अनुसारका योजना छनौट तथा कार्यान्वयन गरेको देखिन आएन । कार्यविधिको पालना गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ । कार्यविधिको पालना नगरी योजना छनौट तथा कार्यान्वयन गरेका केही उदाहरणहरु निम्न अनुसार छन्:

| सि. नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | श्रीपुर आटिजन नल निर्माण वडा नं १ | २००,०००/- |
| २. | २ नं वडा कार्यालय गेट निर्माण | २,००,०००/- |
| ३. | जैविक तटबन्ध निर्माण | २,००,०००/- |
| ४. | सिद्धनाथ आधारभूत विद्यालय जाने बाटोमा कल्भर्ट निर्माण | १,५०,०००/- |
| ५. | सामुदायिक द्यिलयमा पर्खाल निर्माण | २००,०००/- |

१०. **आर्थिक सहायता दिएको** :– महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या निर्देशिका, २०७४ मा आर्थिक सहायता दिन नपाउने व्यवस्था गरेको छ । यस नगरपालिकाले वित्तीय समानिकरण अनुदान शीर्षकवाट आर्थिक सहायता दिएको देखिएको छ । पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा मात्र खर्च गर्नुपर्नेमा विभिन्न व्यक्ति तथा संस्थालाई रु. ३ लाख ५३ हजार ५ सय आर्थिक सहायता दिएको नियमसम्मत देखिएन । तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

११. **ऐन नियम परिपालना तथा आन्तरिक नियन्त्रण पद्धति** :– सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा निकासा तथा खर्च गर्ने लेखा राख्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, लेखापरीक्षण बेरुजु फछ्र्यौट तथा असुल तहसिल गर्ने गराउने आदि आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन आर्थिक कार्यविधि ऐन नियमको पूर्णरुपमा परिपालना हुनुपर्दछ । कार्यालयले सोको पूर्ण रुपमा परिपालना गरेको देखिन आएन । ऐन नियमको परिपालना नगरेको तथा आन्तरिक नियन्त्रण प्रणाली सवल नबनाएका व्यहोराहरु देहाय अनुसार छन्:

११.१ **जोखिम पहिचान** :– कार्यालयले सम्भावित जोखिमहरु पहिचान गरी जोखिम निराकरणका लागि प्रयत्न गरेको अभिलेखबाट देखिएन । जोखिम पहिचान गरी निराकरणका उपायहरु अवलम्बन गर्नुपर्दछ ।

११.२ **नागरिक वडापत्र** :– सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्र कार्यालय परिसरभित्र सबैले देख्ने ठाँउमा राख्नुपर्ने र कार्यालयले सूचना अधिकारी तोकी कार्यालय गतिविधि वेभसाइटमा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको देखिएन ।

| | |
|---|---|
| ११.३ | **कार्य विवरण :–** निजामती सेवा ऐन २०४९ को दफा ५क को उपदफा (१) मा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । ऐनमा व्यवस्था भएअनुसार कार्यविवरण बनाई लागु गर्नुपर्दछ । |
| ११.४ | **कार्यालयको निरीक्षण :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४०(१) मा तालुक कार्यालयले आफु मातहत रहेको कार्यालयहरुको अनुगमन तथा निरीक्षण गरेको देखिएन । कार्यालयबाट हुने सेवा प्रवाहमा प्रभावकारिता ल्याउन तालुक कार्यालयबाट अनुगमन तथा निरीक्षण हुनुपर्दछ । |
| ११.५ | **भ्रमण अभिलेख तथा प्रतिवेदन :–** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा सोअनुसार गर्ने गरेको पाईएन । तोकिए बमोजिम भ्रमण अभिलेख राख्ने तथा प्रतिवेदन पेश गर्नुपर्दछ । |
| ११.६ | **न्यूनतम दररेट निर्धारण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने प्रावधान छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवालाई सहज बनाउन न्यूनतम दररेट निर्धारण गरेको छैन भने जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरको दररेटको पनि पालना गरेको देखिएन । उपरोक्त प्रावधानको पूर्ण पालना गर्नुपर्दछ । |
| ११.७ | **कर भुक्तानीको जानकारी :–** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सो अनुरुप जानकारी दिएको पाइएन । |
| ११.८ | **वार्षिक प्रतिवेदन :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) बमोजिम प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवारको म. ले. प. फा. नं. २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार प्रतिवेदन तयार गरेको पाइएन । |
| ११.९ | **गुणस्तर परीक्षण :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेमा मोटरसाईकल, ल्यापटप लगायतका सामानको गुणस्तर परीक्षण गराएको पाइएन । |
| ११.१० | **ई. टि. डि. एस. :–** आयकर ऐन, २०५८ अनुसार कट्टा गरिएको कर रकम आन्तरिक राजस्व कार्यालयको ई. टि. डि. एस. सिष्टममा पोष्टिङ्ग गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको देखिन आएन । तसर्थ कट्टा गरिएको कर रकम आन्तरिक राजस्व कार्यालयको ई. टि. डि. एस. सिष्टममा पोष्टिङ्ग गर्न ध्यान दिनुपर्दछ । |
| ११.११ | **लेखाको फाँटवारी :–** कार्यालयले आर्थिक विवरणको साथमा खर्चको फाँटवारी ( म.ले.प.फा.नं १३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं १४) तथा बैंक हिसाब मिलान विवरण (म.ले.प.फा.नं १५) तयार गरी लेखापरीक्षणमा पेश नगरेकोले शीर्षकगत खर्च, पेश्की बाँकीको अवस्थो तथा बैंक मौग्ज्दातका यथार्थता यकिन हुन सकेको छैन । |
| १२. | **श्रोत अनुमान तथा बजेट सीमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकता, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । समिति गठन भएतापनि ऐनले तोकेअनुसारको कार्य पूर्णरुपले गरेको देखिन आएन । |
| १३. | **बजेट तथा कार्यक्रम तर्जुमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकता, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । योजनाको प्राथमिकता तथा कार्यक्रम तर्जुमा गर्दा अन्य विषयगत कार्यालयहरुसंग आपसी तादम्यता मिलाएको देखिएन । |

१४. **स्थानीय तथ्यांक र अभिलेख** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भूमिका हुने हुँदा सोको संकलन र अभिलेख राख्ने गर्नुपर्दछ ।

१५. **लक्ष्य प्रगतिको स्थिति** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रीय आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची - २ को ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले सञ्चालन गरेका सबै योजनाहरुको नियमले तोकेअनुसारको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

१६. **बैंक हिसाब** :– कार्यालयको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको स्रेस्ताअनुसार यो वर्षको आम्दानी रु. ५१,८९,६५,७२३।०१ र खर्च रु. ४६,९३,६२,५८३।१८ तथा मौज्दात रु. ४,९६,०३,१३९।८३ देखिन्छ । तर विभिन्न बैंकमा रहेको बैंक मौज्दात रु.५,७७,७६,१०२।४२ देखिएकोले बढी मौज्दात देखिएको रकम यकिन गरी सञ्चित कोषमा आम्दानी वाँध्नु पर्दछ । ८१,७२,९६२।५९

१७. **राजस्व कारोबारको लेखा** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजस्व असुलीको भौंचर उठाएको देखिएन । असुली रकम असुल भएको भोलिपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको छ । आम्दानीको अनिवार्यरूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्दछ ।

१८. **रसिद नियन्त्रण खाता** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिदको रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । रसिद नियन्त्रण खाता राखी रसिदको प्रयोगलाई व्यवस्थित बनाउनुपर्दछ ।

१९. **वित्तीय जवाफदेहिता पालना** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाले नियमावलीको वित्तीय जवाफदेहिताको पालना गरेको देखिएन ।

२०. **सम्पत्ति स्थानान्तरण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ अनुसार साविक गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्थानान्तरण हुने व्यवस्था छ । नगरपालिकाले यस्ता सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत २०७५ असार मसान्तभित्र तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेका छैन । साविकका गाउँ विकास समिति तथा विषयगत कार्यालयमा रहेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु गाउँपालिकामा जिम्मेवारी सारी आम्दानी गरेको पाईएन । यस्ता मालसामानहरुको संरक्षण गर्न प्रकृतिअनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

२१. **सम्पत्ति हस्तान्तरण** :– गाउँपालिका/नगरपालिको कार्य क्षेत्रभित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायहरुबाट सञ्चालन भई आएका स्थानीयस्तरका कार्यालय, संरचना, चल, अचल सम्पत्ति ( कृषि तथा पशु सेवा केन्द्र र उपकेन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, शिक्षा श्रोत केन्द्र, सामुदायिक सिकाई केन्द्र, सामुदायिक सूचना केन्द्र, सामुदायिक पुस्तकालय, सामुदायिक भवन आदि ) स्वतः सम्बन्धित गाउँपालिका/नगरपालिकामा हस्तान्तरण हुने र सोको जानकारी सम्बन्धित

जिल्ला समन्वय समिति र मन्त्रालयलाई दिनुपर्ने स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ मा उल्लेख छ। नगरपालिकामा उपरोक्त अनुसारको सम्पत्ति हस्तान्तरण भए नभएको सोको अभिलेख नराखेको हुँदा यकिन गर्न सकिएन । यसप्रकारका सम्पत्तिको खोजविन गरी सम्पत्ति व्यवस्थाको संरक्षण गर्नुपर्दछ ।

२२. **बरबुझारथ** :– मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२३. **श्रोत नक्साङ्कन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कन तयार गर्नुपर्नेमा सो तयार गरेको देखिएन । नगरपालिकाले ऐनले तोकेअनुसारको श्रोत नक्साङ्कन तयार गर्नुपर्दछ ।

२४. **उपभोक्ता समिति** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कार्यमा सुधार हुनुपर्दछ ।

२५. **कल्याण कोष** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचारलगायतका सुविधा उपलब्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ। स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम आन्तरिक आयवाट जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरसभाको निर्णयानुसार यो आर्थिक वर्षमा एकमुष्ठ रु. १४,२१,०००।- वित्तीय समानीकरण चालु शीर्षकबाट कर्मचारी कल्याण कोष खातामा जम्मा गरेको छ। आन्तरिक आय शीर्षकबाट खर्च लेख्नुपर्नेमा वित्तीय समानीकरण शीर्षकबाट खर्च लेखेकोले अनियमित देखिएको छ। १४,२१,०००।-

२६. **लक्षित समूह खर्च** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. १२ (७) अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालिकाले गोष्ठी सभा सम्मेलन जस्ता कार्यक्रममा समेत खर्च गरेकोले यस्ता कार्यमा सुधार हुनुपर्दछ।

२७. **आन्तरिक आय** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा नगरपालिकाले एकीकृत सम्पत्ति कर र घर जग्गा कर, भूमिकर, व्यवसाय कर, सेवा शुल्क,सवारी कर लगायतका कर तथा शुल्क असुल गर्न सकिने व्यवस्था गरिएको छ । कार्यालयले यो वर्ष आन्तरिक आय रु. ५४,४४,४४६।०९ असुल गरेको छ । ऐनमा तोकिएका कर तथा शुल्कहरुको अद्यावधिक लगत नराखेकोले असुल भएको रकम र बक्यौता यकिन गर्न सकिएन । तसर्थ कार्यालयले कर तथा शुल्कहरुको लगत अद्यावधिक बनाई असुलउपर गर्नुपर्दछ ।

२८. **तलबी प्रतिवेदन** :– निजामती सेवा ऐन, २०४९ को दफा ७ अनुसार कार्यरत स्थायी कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रकको कार्यालय, शिक्षकहरुको विद्यालय शिक्षक किताबखाना र स्थानीय कर्मचारीहरुको हकमा आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले उपरोक्त कर्मचारीको

तलब खर्च लेखेकोमा तलबी प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

२९. **<u>विद्युतीय लेखा</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्करुपमा उपलव्ध गराई सबै नगरपालिकाहरुले क्गद ल्वतष्यलर्बा त्चभबकगचथ च्भनगबितयचथ द्वउउष्बिबतष्यल ९क्गत्द्ध० प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उक्त सफ्टवेयर प्रयोग गरी लेखा राखेको देखिएन ।

३०. **<u>सार्वजनिक परीक्षण</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थलगत अनुगमन नगरी उपभोक्ता समितिबाट पेश गरेको सार्वजनिक परीक्षण प्रतिवेदन संलग्न गरी भुक्तानी गरेको छ । योजनाको निर्माण कार्य सम्झौताअनुसार समयमा भए नभएको, गुणस्तरयुक्त भए नभएको, निर्माण कार्य सन्तोषजनक भए नभएको सम्बन्धमा लाभान्वित जनसमुदायको धारणा खुलाएको देखिएन । निर्माण सामग्रीको खरिद, उपभोक्ता समितिले तिर्नु बुझाउनु पर्ने रकम र बैक मौज्दात रकम जस्ता कुराहरु नखुलाई उपस्थितको हाजिर र एकमुष्ट आम्दानी खर्चको रकममात्र उल्लेख गरी सार्वजनिक परीक्षण प्रतिवेदन तयार गर्दा सम्झौता अनुसारको गुणस्तरीय कार्य र पारदर्शिता कायम भएको छ भन्न सकिने अवस्था देखिदैन । सञ्चालित योजनाको सार्वजनिक परीक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरी सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण हुनुपर्दछ ।

३१. **<u>योजना र कार्यान्वयन</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरी कार्यान्वयनमा ल्याएको देखिन आएन ।

३२. **<u>खरिद गुरु योजना</u> :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम (१) मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक रु. दश करोडभन्दा बढी रकमको खरिद गर्दा सोही नियमको उपनियम (१) मा उल्लेखित कुरा खुलाई खरिद गुरुयोजना तयार गरी सम्बन्धित मन्त्रालयको सचिवबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरुको निर्माण अवधि एक वर्षभन्दा बढी रहेकोमा नियमावलीको उपर्युक्त प्रावधान अनुसार खरिद गुरु योजना तयार गरी स्विकृत भएको देखिएन । वहुवर्षिय ठेक्काहरुको व्यवस्थापन गर्दा खरिद गुरु योजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

३३. **<u>वार्षिक खरिद योजना</u> :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक रु. दश लाखभन्दा बढी रकमको खरिद, निर्माण तथा परामर्श सेवा प्राप्त गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गरिने वार्षिक खरिद योजना तयार गर्नुपर्ने र त्यसरी खरिद योजना तयार गर्दा नियम ७ बमोजिमको खरिद गुरु योजना समेत तयार भएको भएमा सो योजनाको समेत आधार लिनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ८(५) अनुसार सार्वजनिक निकायको प्रमुखले चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप यो नियमबमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने र नियम ८(६) अनुसार तालुक कार्यालयले खरिद कारबाही निर्धारित समयमा सम्पन्न भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा नियममा उल्लेख भएअनुसार कार्यालयले यो वर्ष पूँजिगत खर्च रु. ११,७८,२२,९५३।०० गरेकोमा खरिद योजना तयार नगरेको तथा उक्त कार्यको तालुक कार्यालयबाट अनुगमन गरेको देखिएन । नियमानुसारको खरीद योजना तयार गरेर मात्र खरिद गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

३४. **<u>डि. एल. पी. अभिलेख</u> :–** सार्वजनिक खरिद नियमावलीको नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भइ त्रुटि सच्याउने दायित्व (डि. एल. पी.) अवधि समाप्त भएपछि सार्वजनिक

निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने, निर्माण भए बमोजिमको नक्सा र कार्य सम्पन्न प्रतिवेदन सम्वन्धित सार्वजनिक निकायले बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र सार्वजनिक निकायको प्रमुख र वोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यक्ति भएमा निज भन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउन पुऱ्याउनको लागि ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचवुझ गराउनुपर्नेमा डि. एल. पी. मा रहेका ठेक्काको अभिलेख नै राखेको देखिएन । तालुक निकायहरुबाट प्रभावकारी अनुगमन मूल्यांकन हुनुपर्दछ ।

३५. **उपभोक्ता समितिको श्रेस्ता अनुगमन :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ५ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था गरेको छ । उक्त बुंदामा अन्य कुराहरुको अतिरिक्त उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत् सञ्चालन गरेका कार्यक्रमहरुको भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाणपत्र भएकासंग खरिद गर्नुपर्ने व्यवस्थाको पुर्णरुपमा पालना भएको छैन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको समेत देखिदैन । उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने मु.अ.कर रकम निर्माण व्यवसायी तथा सप्लायर्सबाट छली हुन जाने हुँदा कार्यालयबाट तोकिएअनुसार अनुगमन गर्नुपर्दछ ।

३६. **न्याय सम्पादन** :– कार्यालयबाट प्राप्त विवरण अनुसार मुद्दा दर्ता, फछ्र्यौट, बाँकी रहेको विवरण निम्नअनुसार रहेको छ ।

| सि. नं. | उजुरीको विवरण | जम्मा दर्ता उजुरी | टुङ्गो लागेका उजुरी | माथिल्लो निकायमा पठाएको | बाँकी उजुरी |
|---|---|---|---|---|---|
| १ | घरेलु हिंसा | १८ | १३ | - | ५ |
| २ | बहुविवाह सम्वन्धी | ६ | ४ | - | २ |
| ३ | यौनजन्य हिंसा | १ | १ | - | - |
| ४ | अन्य हिंसा | १६ | ७ | - | ९ |
| | **जम्मा** | **४१** | **२५** | **-** | **१६** |

३७. **पारिश्रमिक तथा भत्ता :–** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सदस्यहरुले पाउने पारिश्रमिकको व्यवस्था गरिएको छ । मासिक पारिश्रमिकको साथमा सञ्चार सुविधा र कार्यालयको काममा खटिएको अवधिको दैनिक भ्रमण भत्ताबाहेक अन्य कुनै किसिमको भत्ता सुविधा पाउने व्यवस्था छैन । नगरपालिकाले पदाधिकारी तथा सदस्यहरुलाई २०७४ श्रावणदेखि नै बैठक भत्ता दिदै आएकोमा सुविधासम्बन्धी ऐन २०७५।३।३ मा प्रमाणीकरण भएपछि त्यसमा तोकिएबमोजिमको पारिश्रमिक रु. ६६,१२,०००।०० भुक्तानी गर्दा पहिले भुक्तानी भएको बैठक भत्ता रु. ३३,१५,०००।०० कट्टा गरेको देखिएन । यसरी ऐनमा व्यवस्था नभएको बैठक भत्ता भुक्तानी गरी खर्च लेखेकोले बैठक भत्ता असुल गर्नुपर्दछ । ३३,१५,०००।-

३८. **अनुगमन भत्ता :–** नगरपालिकाका पदाधिकारी तथा नगरपालिकामा कार्यरत कर्मचारीले भ्रमण खर्च नियमावली, २०६४ मा तोकिएको अवस्थामा पाउने दैनिक भत्ता र भ्रमण खर्चबाहेक नगरपालिकाको क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्दा भत्ता सुविधा पाउने कुनै व्यवस्था छैन । नगरपालिकाका प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिकका सदस्य, वडा सदस्य तथा कर्मचारीहरुलाई योजना अनुगमन गरेको भनी दैनिक रु.१०००।०० को दरले भत्ता भुक्तानी गरेको पाइयो । यसप्रकारको नपाउने सुविधामा भएको खर्च कार्यालयले नै छानविन गरी असुल गर्नुपर्दछ ।

३९. **मूल्य अभिबृद्धि कर :–** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाई कर बीजक दिनुपर्ने उल्लेख छ । मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्रानुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले रीतपूर्वक बीजक जारी नगरेको निम्न फर्मलाई भुक्तानी गरेको कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ । १,६३,१६९।९०

| गो.भौ.नं./मिति | आपूर्तिकर्ताको नाम | भुक्तानी रकम | मू.अ.कर | देखिएका कैफियतहरु |
|---|---|---|---|---|
| | **व.उ.शि.नं. वित्तिय समानीकरण पूँजीगत तर्फ** | | | |
| ४९९/०७५/१/२४ | न्यू किसान मेशिनरी, कैलाली ( ६०५४३७४०७) | ५४,६६०/३६ | ६,२८८/३६ | विजक नं. ५९ हातले लेखि मिति २०७४।११।२७ मा जारी गरेको । |
| ५००/०७५/१/२४ | न्यू किसान मेशिनरी, कैलाली ( ६०५४३७४०७) | ५६,५९९/४४ | ६,५११/४४ | विजक नं. ६० हातले लेखि मिति २०७४।११।२७ मा जारी गरेको । |
| ५०५/०७५/१/२४ | न्यू किसान मेशिनरी, कैलाली ( ६०५४३७४०७) | ४८,९७६/५७ | ५,६३४/४६ | विजक नं. ६२ हातले लेखि मिति २०७४।११।२७ मा जारी गरेको । |
| ६१९/०७५/२/२४ | जोशी ट्रेड एण्ड सप्लायर्स, कञ्चनपुर ( ३०५३३४५१२ ) | ५३,९२४/७३ | ६,२०३/७३ | विजक नं. ३२४ लाई कालोले पोतेर २४ पारी मिति २०७५।१।२० मा जारी गरेको । |
| ६१९/०७५/२/२४ | जोशी ट्रेड एण्ड सप्लायर्स, कञ्चनपुर ( ३०५३३४५१२ ) | १३,६०५/२० | १,५६५/२० | विजक नं. ३२५ लाई कालोले पोतेर २५ पारी मिति २०७५।१।२० मा जारी गरेको । |
| ६१९/०७५/२/२४ | जोशी ट्रेड एण्ड सप्लायर्स, कञ्चनपुर ( ३०५३३४५१२ ) | ४१,६३२/५९ | ४,७८९/५९ | विजक नं. ३२६ लाई कालोले पोतेर २६ पारी मिति २०७५।१।२१ मा जारी गरेको । |
| ६३०/०७५/२/२४ | नम्रता ट्रेड लिंक, धनगढी ( ६०३६७९९९७ ) | २१,४९९/५४ | २,४७३/३९ | विजक नं. ३३२ हातले लेखि मिति २०७५।२।१० मा जारी गरेको । |
| ६४५/०७५/२/२७ | एम. पि. कंक्रिट उद्योग, कैलाली ( ६००७७३१८६ ) | १,५१,२००/- | १९,६५६/- | विजक नं. १५१ लाई कालोले पोतेर १ पारी मिति २०७५।२।२५ मा जारी गरेको । |
| ५३८/०७५/१/३१ | महिला एकिकृत विकास एंव सशक्तिकरण नेपाल, दार्चुला ( ३०१४२५८०९ ) | ४,९७,२००/- | ५७,२००/- | विजक नं. मा कालोले पोतेर मिति २०७५।१।२७ मा जारी गरेको । |
| ४७।२०५५।१।२५ | भूमिराज ट्रेड एण्ड सप्लायर्स | २,५७,१७७।०० | २९,५८७।०० | विजक नं. २६२ मिति नभएको । |
| २३।२०७४।१२।१३ | आरती रेलीङ गमला उद्योग | १,२५,७६५।०० | १४,४९६।०० | ०३५।२०७४।११।२८ सच्याइएको । |
| ४१।२०७५।१।१९ | शैलेश्वर केदार ट्रेडर्स | ७६,१८५।८३ | ८७६४।७३ | १५१र २५१ दुई वटा नं. भएको । |
| | **जम्मा** | | **१,६३,१६९/९०** | |

४०. **उपभोक्ता समितिलाई मू. अ. कर भुक्तानी :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम ३ को खण्ड (ख) वमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट उपभोक्ता समितिलाई भुक्तानी दिएका केही निर्माण कार्यको परिक्षण गर्दा मूल्य अभिवृद्धि कर समेत थप गरेर उपभोक्ता समितिलाई भुक्तानी दिएको पाईयो । नियम विपरीत भुक्तानी दिएको मूल्य अभिवृद्धि कर कार्यालयबाटै आवश्यक छानबिन गरी असुल हुनुपर्दछ । लेखापरीक्षणको सिलसिलामा केही गोश्वारा भौचरहरुको छडके परीक्षण गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी दिएका उदाहरणहरु निम्न अनुसार छन्: ३,४२,९१७।००

| सि. नं. | गो. भा. नं. र मिति | उपभोक्ता समितिको नाम | मू. अ. कर रकम |
|---|---|---|---|
| | | **व. उ. शि. नं. वित्तिय समानिकरण पूँजीगत तर्फ** | |
| १ | ५७/२०७५/२/२९ | राजमार्ग देखि पवित्र वस्ती जाने सडकमा कल्भर्ट निर्माण कार्य | २२,१७७/- |
| २ | ५२/२०७५/२/२१ | ह्युमपाईप खरिद उपभोक्ता समिति | ९२,१८२/- |
| ३ | ५२/२०७५/२/२० | ह्युमपाईप खरिद उपभोक्ता समिति | ४६,६७४/- |
| ४ | ३५/२०७४/१२/२३ | कालिका मन्दिर हुँदै खल्ला जाने सडकमा ह्युमपाईप जडान कार्य | ८,१६४/- |
| ५ | ४४/२०७५/२/३ | ह्युमपाईप खरिद उपभोक्ता समिति | ८६,८६०/- |
| ६ | ६९/२०७५/३/१९ | ह्युमपाईप खरिद उपभोक्ता समिति | ८६,८६०/- |
| | | **जम्मा** | **३,४२,९१७/-** |

४१. **वैशाख पछिको सम्झौता :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९ (१४) अनुसार नगरपालिकाले वैशाख मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ । कार्यालयले विभिन्न योजनाहरु वैशाख मसान्तपछि सम्झौता गरी रकम बाँडफाँड तथा खर्च गरेको छ । जेष्ठ तथा असार महिनामा सिधै सम्झौताबाट काम गराई भुक्तानी गरेका

केही उदाहरण निम्नअनुसार रहेका छन् । आर्थिक वर्षको अन्त्यमा काम गराएको र प्रतिस्पर्धा नभएको कारण खरिद कार्य मितव्ययीसमेत देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं./मिति | निर्माण व्यवसायी | कामको विवरण | सम्झौता/भुक्तानी रकम |
|---|---|---|---|
| ९६४/०७५/३/३० | इश्वर निर्माण सेवा | सडक ग्राभेल कार्य | ३०२३३४/९८ |
| ९६४/०७५/३/३० | बेदकोट निर्माण सेवा | सडक कालोपत्रे | ४४२६९८/- |
| ९६१/०७५/३/३० | त्रिपुरा निर्माण सेवा | सडक कालोपत्रे | ४७७५७१/- |
| ९६०/०७५/३/३० | न्यु उग्रतारा निर्माण सेवा | सडक कालोपत्रे | २६१८८७/- |
| ९५८/०७५/३/३० | वि.आर. कन्स्ट्रक्सन | सडक कालोपत्रे | ४८२२२०/- |
| ९५७/०७५/३/३० | केदार निर्माण सेवा | सडक कालोपत्रे | ३९३९४४/- |
| ९५५/०७५/३/३० | पदम कन्स्ट्रक्सन | सडक कालोपत्रे | ४८८७०७/- |
| ९५२/०७५/३/३० | पार्वती निर्माण सेवा | सडक कालोपत्रे | ४८८२६२/- |
| ९५१/०७५/३/३० | आशिष निर्माण सेवा | सडक कालोपत्रे | ४८४८१३/- |

४२. **<u>गुणस्तर परीक्षण</u> :–** सडक कालोपत्रे गर्दा प्रयोग हुने सब बेश, बिटुमिन जस्ता निर्माण सामग्रीको अनिवार्य रुपमा गुणस्तर परीक्षण गराउनु पर्ने प्रावधान छ । कार्यालयले सडक कालोपत्रे गरेबापत यो वर्ष निम्न निर्माण व्यवसायीहरुलाई भुक्तानी गर्दा गुणस्तर परीक्षण गराएको देखिएन । सम्झौतामा अनिवार्य रुपमा गुणस्तर परीक्षण गराउनुपर्ने प्रावधान राखे तापनि केही निर्माण व्यवसायीले जिल्ला प्राविधिक कार्यालयको ल्याबमा सब बेशको मात्र परीक्षण गराएको र धेरै जसो निर्माण व्यवसायीले निर्माण कार्यको ल्याब टेष्ट नै गराएको देखिएन । ल्याब टेष्टबेगर गुणस्तरीय काम भए नभएको यकिन गर्ने आधार भएन । सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई गुणस्तर यकिन गरेर मात्र योजना फरफारक गर्ने र ल्याब टेष्ट नगराएको अवस्थामा पनि सो बापत भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । ७०८०९।३६

| गो. भौ. नं. र मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | ल्याब टेष्टको भुक्तानी |
|---|---|---|---|---|
| ९७५/०७५/३/३१ | बंक बजारदेखि दक्षिण जाने सडक | क्रिस निर्माण सेवा | १४१५९५८/६० | ३८५२/४० |
| ९६३/०७५/३/३० | वाणी मुक्त कमैयादेखि खल्लागोठ सडक | वेदकोट निर्माण सेवा | ४४२६९८/- | - |
| ९६१/०७५/३/३० | वाणी मुक्त कमैयादेखि खल्लागोठ सडक | त्रिपुरा निर्माण सेवा | ४७७५७१/- | - |
| ९६०/०७५/३/३० | गुलरिया मालुबेला सडक | न्यु उग्रतारा निर्माण सेवा | २६१८८७/- | - |
| ९५९/०७५/३/३० | रामी लोहारको घरदेखि गोकर्णको घरसम्म | डाडाबाग भूमिराज कन्स्ट्रक्सन | २७९३१५/- | - |
| ९५८/०७५/३/३० | रामी लोहारको घरदेखि गोकर्णको घरसम्म | वि.आर. कन्स्ट्रक्सन | ४८२२२०/- | - |
| ९५७/०७५/३/३० | रामी लोहारको घरदेखि गोकर्णको घरसम्म | केदार निर्माण सेवा | ३९३९४४/- | - |
| ९५५/०७५/३/३० | शान्तिटोलदेखि बालुवाफँटा | पदम कन्स्ट्रक्सन | ४८८७०७/ | - |
| ९५२/०७५/३/३० | गडविजुलादेखि देखतभूलि | पार्वती निर्माण सेवा | ४८८२६२/- | - |
| ९५१/०७५/३/३० | प्रतापको पसलदेखि ओखलफाँटा | आशिष निर्माण सेवा | ४८४८१३/- | - |
| ९५०/०७५/३/३० | वाणी मुक्त कमैयादेखि खल्लागोठ सडक | सरस्वती बिल्डर्स | ४९३६६३/८३ | ४५२०/- |
| ९४९/०७५/३/३० | कृष्ण मा.वि.देखि कृषि सडक | न्यु दीपज्योति निर्माण सेवा | २७८१७२/३८ | ४५२०/- |
| ९४८/०७५/३/३० | गडविजुलादेखि देखतभूलि | श्रीपुर डेभलपर्स | ४८६२१६/- | ४५२०/- |
| ९४५/०७५/३/३० | कृष्ण मा.वि.देखि कृषि सडक | श्रीपुर बिल्डर्स | १२१४३४८/- | ८३०५/५० |
| ९४४/०७५/३/३० | शान्तिटोलदेखि बालुवाफँटा | श्रीपुर बिल्डर्स | ११८५६२१/- | ८१३६/- |
| ८८९/०७५/३/२६ | गुलरिया मालुबेला सडक | उदयदेव निर्माण सेवा | १९३०८६२/- | १११८७/- |
| ८८५/०७५/३/२६ | रामी लोहारको घरदेखि गोकर्णको घरसम्म | क्रिस निर्माण सेवा | ७९३६९८/४० | ४६९३/९६ |
| ८८५/०७५/३/२६ | नदीपुर जाने बाटो | क्रिस निर्माण सेवा | ९३४४४२/२० | ५६५०/- |
| ८८५/०७५/३/२६ | कृष्णपुर २ देखि जनउत्थान जाने बाटो | क्रिस निर्माण सेवा | ६७३८९१/३२ | ६७८०/- |
| ८९०/०७५/३/२६ | वाणी गडविजुला हुँदै देखतभूलि सडक | श्रीपुर बिल्डर्स | १२३७९४१/- | ८६४४/५० |

४३. **<u>लागत अनुमान</u> :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यससम्बन्धी स्पेशिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने व्यवस्था छ । सवारी साधन खरिद गर्नुअघि स्पेशिफिकेसन तयार गर्नुपर्ने र त्यसको आधारमा नाडा एबं आधिकारिक बिक्रेताहरुसँग दररेट माग गरी लागत अनुमान तयार गर्नुपर्नेमा स्पेशिफिकेसन तथा लागत अनुमान तयार गर्न नियुक्त परामर्शदाता मेकानिकल इन्जिनियर श्री खेमराज चटौतले लागत अनुमान तयार गर्दा कुनै आधार नलिई नगरपालिकाले विनियोजन गरेको बजेटलाई आधार मानेकोले लागत अनुमान यथार्थपरक देखिएन । लागत अनुमान तुलनायोग्य नभएकोले खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी देखिएन । यस प्रकारको लागत अनुमान तयार गर्ने तथा मूल्यांकनमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| सि. नं. | विवरण | लागत अनुमान | खरिद मूल्य |
|---|---|---|---|
| १ | हाइड्रोलिक टिपर | ४०,५०,०००/- | ३८,९५,०००/- |
| २ | ट्रयाक्टर तथा हाइड्रोलिक ट्रली २ थान | ३९,००,०००/- | ३५,९८,०००/- |

४४. **परामर्श सेवा :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिदमा लागेको वास्तविक खर्चलाई आधार लिनुपर्ने व्यवस्थाछ । कार्यालयले देहायको विषयमा परामर्श सेवा खरिद गर्दा लागत अनुमान नै तयार नगरी परामर्श सेवा खरिद गरेको र परामर्शदाताले पेश गरेको आर्थिक तथा प्राविधिक प्रस्ताव सम्बन्धी कागजात लेखापरीक्षणमा पेश भएन । नगरपालिकाले विनियोजन गरेको रकमलाई लागत अनुमान मानी आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी खरिद गरेको कार्य मितव्ययी र प्रतिस्पर्धी मान्न सकिएन । सम्झौता पश्चात फिल्डमा खटेर काम गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार भएको पाइएन । तसर्थ खरिद कार्य मितव्ययी, प्रतिस्पर्धी र गुणस्तरीय मान्न सक्ने आधार देखिएन । २९,८१,७५२।-

| सि. नं. | कामको विवरण | परामर्शदाताको नाम | सम्झौता रकम |
|---|---|---|---|
| १ | आवधिक योजना तथा माष्टर प्लान | ग्रिड राजदेवी जे भी | १४९९९६२/- |
| २ | विद्युतीय हाजिरी | बिट फाइनडर आइ टी सोलुसन | ४८४०००/- |
| ३ | ढुंगा गिट्टी बालुवा वातावरणीय परीक्षण | ई एफ आई नेपाल | ४९८८९५/- |
| ४ | ढुंगा गिट्टी बालुवा वातावरणीय परीक्षण | इन्भाइरो भिजन कन्सल्टेन्सी | ४९८८९५/- |
| ५ | ढल निर्माणसम्बन्धी डिजाइन, सर्भे तथा लागत अनुमान | इकोकोड नेपाल | ९९९६६०/- |

४५. **ह्युम पाइप खरिद :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा मालसामान खरिद सम्बन्धी कारबाही शुरु गर्नुअघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले महाशाखा, शाखाबाट खरिद माग प्राप्त गरी सो माग अधिकारप्राप्त अधिकारीबाट स्वीकृत हुनु पर्ने र नियम ११ अनुसार लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने प्रावधान छ । निर्माण सामग्री खरिद गर्दा सम्बन्धित योजना र आवश्यक परिमाण पनि खुलाउनु पर्दछ । खरिद भएपछि निर्माण सामग्री उपयोग गरेको आधारमा खर्च लेख्नुपर्दछ । कार्यालयले विभिन्न साइजको ह्युम पाइप खरिद गरी निम्नअनुसार खर्च लेखेको र ती सामान मौज्दात नै देखिएकोले खर्च नियमित देखिएन । ३९९४३५६।००

| गोश्वारा भौचर/मिति | आपूर्तिकर्ताको नाम | सामानको विवरण | खरिद मूल्य |
|---|---|---|---|
| ९३५/०७५/३/२९ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट | ह्युम पाइप | १९९८६१८/- |
| ८०८/०७५/३/१९ | सेती ह्युम पाइप तथा | ह्युम पाइप | १९९५७३८/- |

४६. **बढी पेश्की :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा निर्माण व्यवसायीलाई सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी मोबिलाइजेसन पेश्की दिन सकिने व्यवस्था छ भने निर्माण व्यवसायीसँग भएको सम्झौतामा मूल्य अभिबद्धि करबाहेकको सम्झौता रकमको २० प्रतिशत पेश्की दिन सकिने उल्लेख छ । नगरपालिकाको वडा कार्यालयहरु १, ४, ६, ७ र ९ को कार्यालय भवन निर्माणको लागि निर्माण व्यवसायी रश्मी बिल्डर्ससँग पाँच वटा सम्झौता रु. ५,६६,१८,२७४।९४ (मु.अ.करसमेत) को भएकोमा मूल्य अभिबद्धि करबाहेकको २० प्रतिशतले १,००,२१,०००।०० सम्म बैंक जमानत लिई मोबिलाइजेसन पेश्की दिन सकिनेमा रु.१,१३,२१,०००।०० दिएको छ । कानुन र सम्झौताभन्दा बढी उपलब्ध गराएको पेश्की ब्याजसहित फिर्ता गर्नुपर्दछ । १३,००,०००।-

४७. **गोश्वारा भौचर नम्बर ९१८।०७५।३।२७**

**ट्रान्सफर्मर खरिद :–** आवश्यक पर्ने ट्रान्सफर्मर खरिद गर्नुअगाडि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान बनाउदा जिल्ला दररेटको आधारमा ढुवानी भाडासमेत समावेश गर्न सकिने प्रावधान छ । कार्यालयले सो कार्यका लागि छुट्याएको बजेट रु.६५०,०००।०० लाई आधार मानी उपभोक्ता समितिसँग सम्झौता गरेको र आर.पि.सप्लायर्स एण्ड ट्रेडर्सको रु.६,४२,९९९।९९ को बिल र ट्रान्सफर्मर लोड अनलोड रु.५०००।०० समावेश गरी प्राविधिक मूल्यांकन गरी रु.६५०,०००।०० खर्च लेखेको छ । वास्तविक लागत अनुमान नबनाइ खरिद भएको, गुणस्तर परीक्षण नगरेको र जडान नगरेको तथा रु.२०००।०० बढी भुक्तानी भएको समेत देखिएकोले खरिद कार्य अनियमित देखिएको छ । ६५००००।००

४८. **गोश्वरा भौचर नम्बर ९०१।०७५।३।२६**

नगरपालिकाले खरिद गर्ने लोडर, टिपर तथा ट्रयाक्टरको स्पेसिफिकेसन, बोलपत्र कागजात, लागत अनुमान र बोलपत्र मूल्यांकन तथा गुणस्तर परीक्षणबापत मेकानिकल इन्जिनियर ८६२८।३२

श्री खेमराज चटौतलाई सम्झौताअनुसार मूल्य अभिबृद्धि करसहित रु. ७५०००।०० भुक्तानी गरेकोमा कर बीजक जारी नभएकोले मूल्य अभिबृद्धि कर असुल गनुपर्दछ ।.

४९. **आइसिटी पूर्वाधार :–** कृष्णपुर सामुदायिक सिकाई केन्द्रलाई आइसिटी पूर्वाधारसहितको शैक्षिक केन्द्रको विकास गर्ने गरी सम्झौता अनुसारको रु.२,००,०००।०० भुक्तानी गरेको छ। आइसिटी पूर्वाधारको लागि प्रोजेक्टर, कम्प्युटर, दराजलगायतका समान खरिद गरेको बिल संलग्न गरेकोमा ती सामान जिन्सी दाखिला भएको देखिएन । सम्झौताअनुसारको काम गरी पूर्वाधार तयार नगरेकोले खर्च रकम नियमित देखिएन । २०००००।००

५०. **इन्धन खर्च :–** सडक ग्राभेल, स्तरोन्नति र कालोपत्र तथा कल्भर्ट निर्माण कार्यलाई आवश्यक पर्ने निर्माण सामग्रीहरुको नर्म्सअनुसार हिसाब गरी लागत अनुमान तयार गर्नु पर्दछ । निर्माण सामग्रीको लागतमा जिल्ला दररेटअनुसारको ढुवानी भाडासमेत समावेश गरिन्छ। योजनाहरुको निर्माणका लागि कार्यालय र उपभोक्ता समितिबीच भएको सम्झौताअनुसार निर्माण कार्यको प्राविधिक मूल्यांकन र बिल भरपाईको आधारमा कार्यालयले भुक्तानी गर्दा उपभोक्ता समितिले निर्माण सामग्रीको बिल भरपाईको साथमा इन्धनको बिल पनि पेश गर्ने गरेको देखियो । प्रयोग भएको निर्माण सामग्रीको मूल्यभन्दा कैयौ गुणा बढीको इन्धनको बिल पेश हुने गरेको छ । पेश भएको बिलअनुसारको इन्धनको प्रयोजन नखुलाएको भिडान गर्न सकिएन । उपभोक्ता समितिले अनावश्यक रुपमा इन्धन खरिद भएको देखाउने र कार्यालयले त्यसलाई मान्यता दिई भुक्तानी गर्दा सरकारी स्रोत साधनको दुरुपयोग नभएको भन्न सकिने अवस्था नरहकोले सरकारी स्रोत साधनको सदुपयोग नगर्ने उपभोक्ता समितिलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) अनुसार कारवाही गर्ने र यसप्रकारको खर्चमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

५१. **कञ्चन बहुमुखी क्याम्पस :–** नगरपालिका र कञ्चन बहुमुखी क्याम्पसबीच क्याम्पसको भवन निर्माण तथा शैक्षिक सामग्री उपलब्ध गराउन भएको सम्झौताअनुसार रु.४०,००,०००।०० भुक्तानी भएकोमा देखिएको व्यहोरा निम्नअनुसार छः

५१.१ लागत अनुमान रु.४५१२५४५।४२ मध्ये रु.४०,००,०००।०० कार्यालय र बाँकी भवन निर्माण उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएको छ । सम्झौताअनुसारको काम सम्पन्न गरेको अवस्थामा मात्र कार्यालयले व्यहोर्ने रकम भुक्तानी गर्न मिल्नेमा रु.४१५९४७४।९५ को मात्र काम सम्पन्न भएकोमा पनि रु.३९६०८४१।०० भुक्तानी गरेकोले सम्झौताको अनुपातअनुसार उपभोक्ता समितिले रु.४७२५१६।३५ व्यहोरी बाँकी रु.३६८६९५८।६० भुक्तानी दिनुपर्नेमा रु.२७३८८२।४० बढी भुक्तानी भएको देखिएको छ । २७३८८२।४०

५१.२ खरिद भएका शैक्षिक सामग्री, फर्निचर तथा पुस्तक क्याम्पसको जिन्सी किताब तथा लाइब्रेरी लेजरमा आम्दानी बाँध्नु पर्नेमा देहायको गोश्वारा भौचरबाट भुक्तानी भएकोमा जिन्सी आम्दानी गरेको जिन्सी खाता पेश हुनुपर्दछ । ११,०५,६७५।-

| गोश्वारा भौचर/मिति | विवरण | रकम |
|---|---|---|
| ४८०/०७५/१/९ | पुस्तक रु.३५५९५५।०० र शैक्षिक सामग्री रु.१०५६७५।०० | ४६१६३०/- |
| ५५५/०७५/२/४ | लाइब्रेरी सेट अप | १४४०४५/- |
| ८९१/०७५/३/२६ | फर्निचर रु.२००,०००।०० र शैक्षिक सामग्री रु.३००,०००।०० | ५०००००/- |

५२. **गैरसरकारी संस्थाबाट कार्य :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान गरी त्यस्तो काम गर्ने उद्देश्य राखी कानून बमोजिम दर्ता भएको मौजुदा सूचीमा रहेका गैरसरकारी संस्थाबाट कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी प्रस्ताव माग गरी उपयुक्त प्रस्ताव स्वीकृत गरी कार्य गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यो आर्थिक वर्षमा विभिन्न गैरसरकारी संस्थाहरुलाई लक्षित समूह तर्फका कार्यक्रमहरु सञ्चालन गर्न दिएकोमा नियमावली अनुसारको प्रस्ताव माग गरी छनौट गरेको देखिएन । नियमअनुसार छनोट नगरी काम गराई खर्च गरेकोले खर्च नियमित देखिएन । ७७३५७९।००

| गोश्वारा भौचर/मिति | गैरसरकारी संस्थाको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८४१/०७५/३/३२ | कृषि, वन तथा वातावरणीय विकास समाज | सिलाइ कटाइ तथा सिप विकास तालिम | ४०००००/- |
| ८७०/०७५/३/२५ | मानव अधिकार तथा वातावरण संरक्षण केन्द्र | दलित तथा समावेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ९८८६०/- |
| ८६८/०७५/३/४ | अपी इको कन्सल्टेन्सी एण्ड रिसर्च प्रा.लि. | वृक्षारोपण कार्यक्रम | ९१८३०/- |
| ८५९/०७५/३/२४ | महिला विकास समाज धनगढी | मुक्त कमैया तथा हलिया परिचयपत्र र मागमा आधारित लक्षित कार्यक्रम | १८२८८९/- |

५३. गो. भौ. नं. ४९७।२०७५।१।२४ - सूर्योदय सोलार सेन्टर, कञ्चनपुरवाट सोलार हाईब्रिड १ सेट २ के भि ए को रु. २,५३,७९०।०० मा खरिद गरी भुक्तानी दिएकोमा निम्नानुसार देखिएको छ। २,५३,७९०।००

५३.१ आयकर ऐन, २०५८ अनुसार १.५ प्रतिशतका दरले अग्रिम कर रु. ३,८०७।०० कट्टी गर्नुपर्नेमा कट्टी नगरेको रकम असुल गर्नुपर्दछ। ३,८०७।००

५३.२ आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार उक्त सोलार मेशिनरी तथा औजार ( ३११२२) खर्च शीर्षकबाट खर्च लेख्नुपर्नेमा ईन्धन अन्य प्रयोजन खर्च शीर्षकबाट खर्च लेखी भुक्तानी दिएकोले अनियमित देखिएको छ। २,५३,७९०।००

५४. **बिल विजक पेश नभएको :–** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। निम्न गो. भौ. नं. र मितिबाट भुक्तानी दिएकोमा सम्बन्धित फर्मले बिल बीजक जारी गरेको देखिएन। कर बीजकबेगर भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ। ९,००,०००।००

| सि. नं. | गो. भा. नं. र मिति | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ६५४/२०७५/२/२७ | अपी ईको कन्सल्टेन्सी एण्ड रिसर्च प्रा. लि. | २,००,०००/- | फोहर मैला व्यवस्थापन कार्यक्रम |
| २ | ६४८/२०७५/२/२८ | कृषि वन तथा वातावरण विकास समाज | ४,००,०००/- | २ वटा कार्यक्रम सञ्चालन गर्न |
| ३ | ७०२/२०७५/३/६ | कृषि वन तथा वातावरण विकास समाज | ३,००,०००/- | ३ वटा कार्यक्रम सञ्चालन गर्न |

५५. **अनुदान वितरण :–** निम्न गो. भौ. नं. र मितिवाट कृषक तथा कृषक समुहहरुको लागि पावर टिलर खरिद गरी वितरण गरेकोमा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४(४) अनुसार यातायात व्यवस्था कार्यालयमा सो पावर टिलर दर्ता भएको देखिएन भने सम्बन्धित कृषक तथा कृषक समूहले बीमा गराएकोसमेत गरेको देखिएन। नियमको पालना गरी सवारी दर्ता तथा बीमा गराउनु पर्दछ। ३,२०,०००।००

| सि. नं. | गो. भा. नं. र मिति | कृषक तथा समुहको नाम | बिल रकम | अनुदान रकम |
|---|---|---|---|---|
| १ | ६४०/२०७५/२/२५ | कालिका कृषक समुह, कृष्णपुर २ बंक | २,३०,०००/- | ८०,०००/- |
| २ | ६३९/२०७५/२/२५ | राम बहादुर महरा, कृष्णपुर ९ राजघाट | १,९५,०००/- | ८०,०००/- |
| ३ | ६३८/२०७५/२/२५ | बीर बहादुर ऐरी, कृष्णपुर १ बण्ड | १,९५,०००/- | ८०,०००/- |
| ४ | ५६४/२०७५/२/७ | जन कल्याण कृषक समुह, कृष्णपुर ५ | १,९५,०००/- | ८०,०००/- |
| | | **जम्मा** | | **३,२०,०००/-** |

५६. **बढी भुक्तानी :–** गो. भौ. नं. ४५४।२०७४।१२।३० - दोमिल्ला पुतलीबजार बछेला खोला तटबन्ध कार्यको कार्यालयले रु. ५,००,०००।०० अनुदान दिने गरी २०७४।११।२३ मा उपभोक्ता समितिसंग सम्झौता भएको पाईयो। उपभोक्ता समितिले उक्त तटबन्ध निर्माणका लागि राठी ईन्टरप्राईजेज, धनगढीबाट जि. आई. तार १,००० के. जी. खरिद गरेको छ। उक्त तारबाट नर्म्स अनुसार ३*१.५*०.७५ मेस साईजको जाली ३१ वटामात्र बन्ने देखिन्छ। कार्यालयले ६२ वटा जाली बुनेर सो जालीमा ढुंगा भरेको रु. ५,५२,०८१।७८ नापी मूल्यांकन गरेको छ। उपरोक्त अनुसार ३१ वटा जाली कसरी प्राप्त भएको हो खुलाएको छैन। खरिद नै नभएको जाली र ढुंगा भरेको रु. २,७६,०४०।८९ नापी मूल्यांकन गर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ। २,७६,०४०।८९

५७. **अक्षय कोष :–** अक्षय कोष स्थापनाको लागि रकम उपलब्ध गराउदा अक्षय कोष सञ्चालन कार्यविधि स्वीकृत गर्नुपर्दछ। कार्यालयले निम्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई अक्षय कोष स्थापनाको लागि अनुदान निकासा दिएकोमा अक्षय कोष सञ्चालन कार्यविधि स्वीकृत गरेको देखिएन। अक्षय कोष सञ्चालन कार्यविधि स्वीकृत नगरी निकासा दिएकोले अनियमित देखिएको छ। ४,००,०००।-

| सि. नं. | गो. भा. नं. र मिति | उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|---|
| १ | ६००/२०७५/२/२१ | किचाही शिविर खानेपानी तथा सरसफाई उपभोक्ता समिति | १,००,०००/- |
| २ | ६५७/२०७५/२/३० | दोमिल्ला पहरिया खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ३,००,०००/- |

५८. गो. भौ. नं. ४७३।२०७५।१।७ – नगर उपप्रमुख श्री रमिता रानाले बैठक भत्ता भुक्तानी नलिएको रु. ५,९५०।०० बैंक दाखिला गरेकोमा खर्च घटाई आम्दानी जनाउनु पर्नेमा सो रकम आम्दानी बाँधेको देखिएन। ५,९५०।००

५९. गो. भौ. नं. ५०८।२०७५।१।२४ – श्री उदय सरस्वती क्याम्पस, कृष्णपुरलाई भवन निर्माण र भौतिक सुधार कार्यको लागि रु. १४,००,०००।०० भुक्तानी दिएकोमध्ये रु. ५,८९,६९०।०० को स्टील डेस्क बेन्च ३३ सेट र स्टील कुर्सी ३० थान खरिद गरेको रकम भुक्तानी दिएको क्याम्पसको जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्दछ। ५,८९,६९०।००

६०. **खरिद प्रतिस्पर्धा :–** गो. भौ. नं. ७१५।२०७५।३।७ – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(३) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत ब्लक विकास ३२,०१,०००।-

| | | |
|---|---|---|
| | कार्यक्रमको लागि सयपत्री एकता कृषक तरकारी ब्लक सञ्चालक समिति, कृष्णपुर ७ लाई अनुदान रु. ३२,०१,०००।०० भुक्तानी दिएकोमा निम्न अनुसार देखिएको छः | |
| ६०.१ | एन. बि. कृषि औजार विक्री केन्द्र, कैलालीबाट रु. ४७,६३,०७९।०० को पावर टिलर, पम्पसेट, गोडने मेशिन, पावर टिलर ट्रली आदि खरिद गरेकोमा प्रतिस्पर्धा गराई खरिद नगरेको र आयकर ऐन, २०५८ को दफा ८९ अनुसार १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा नगरेकाले आयकर असुल गर्नुपर्दछ । ७०,८६५।०० | |
| ६०.२ | तीन वटा फर्मबाट रु. ११,९४,३४८।०० को विभिन्न जातका तरकारीको बिउविजन खरिद गरेकोमा प्रतिस्पर्धा गराई खरिद नगरेको र उमार शक्ति परीक्षणको प्रमाण पेश नभएको र आयकर ऐन, २०५८ को दफा ८९ अनुसार १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा नगरेकोले आयकर असुल गर्नुपर्दछ । १७,९१५।०० | |
| ६०.३ | सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४(४) अनुसार यातायात व्यवस्था कार्यालयमा दर्ता गराउनु पर्ने व्यवस्था छ । अठार थान पावर टिलरको मूल्य रु. ३५,१०,०००।०० को पचास प्रतिशतले हुने रकम रु. १७,५५,०००।०० भुक्तानी दिएकोमा सो पावर टिलर दर्ता भएको नभएको र सम्बन्धित कृषक समूहले बीमा गरेकोसमेत देखिएन । तसर्थ नियमको पालना गरी सवारी दर्ता तथा बिमा गराउनु पर्दछ । | |
| ६१. | **गो. भौ. नं. ५२१।२०७५।१।२६** | |
| | बढौना खोलामा कल्भर्ट निर्माण कार्यको उपभोक्ता समितिलाई रु. ३,९६,७८६।०० भुक्तानी दिएकोमा निम्न अनुसार देखिएको छः | ३,९६,७८६।०० |
| ६१.१. | कार्य सम्पन्न प्रतिवेदनको नापी मूल्यांकन अनुसार पि.सि.सि. १:२:४, स्टोन मेशनरी १:४ र आर.सि.सि. १:१.५:३ गर्ने कार्य गर्दा स्वीकृत नर्म्सअनुसार सिमेण्ट ४०६ बोरा लाग्ने देखिन्छ । तर उपभोक्ता समितिले २१५ बोरा सिमेण्ट खरिद गरेको कर बीजक पेश गरेको देखिन्छ । नर्म्स अनुसार लाग्ने सिमेण्टको परिमाणभन्दा घटी परिमाणको सिमेण्ट खरिद गरी कार्य सम्पन्न भएको सम्बन्धमा स्पष्ट हुनुपर्दछ । | |
| ६१.२ | उक्त कल्भर्ट निर्माण कार्यको लागि टोर स्टील रेनफोर्समेण्ट नापी मूल्यांकन अनुसार ९८१.८५ के. जी. प्रयोग भएको उल्लेख गरिएकोमा उपभोक्ता समितिले ५५० के. जी. मात्र खरिद गरेको कर विजक पेश गरेको देखिन्छ । नापी मूल्यांकनमा उल्लेख भएको परिमाणभन्दा घटी परिमाणको डण्डी खरिद गरी कार्य सम्पन्न भएको सम्बन्धमा स्पष्ट हुनुपर्दछ । | |
| ६२. | **गो. भौ. नं. ८३४।२०७५।३।२१** | |
| | प्रा. स. श्री बिन्दु कुँवरको धानको बिउ ५० प्रतिशत अनुदानमा वितरण गरेको र सिडकिट वितरण कार्यक्रमसमेतको पेश्की रु. ४,१०,०००।०० फछ्र्यौट गरेकोमा निम्न अनुसार देखिएको छः | ४,१०,०००।०<br>० |
| ६२.१ | यूनिक सिड कम्पनी प्रा. लि., कैलालीबाट रु. ६,०८,२००।०० को उन्नत धानको बिउ १२,१६४ के. जी. खरिद गरेकोमा आयकर ऐन, २०५८ को दफा ८९ अनुसार १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा नगरेकोले आयकर रकम असुल गर्नुपर्दछ । ९,१२३।०० | |
| ६२.२ | यूनिक सिड कम्पनी प्रा. लि., कैलालीबाट धानको बिउ १२,१६४ के. जी. र हमार सयपत्री विजवृद्धि कृषि सहकारी संस्था लि. बाट राधा ४ को धानको विउ ६,००० के. जी. खरिद गरेकोमा उक्त बिउको उमार शक्ति परीक्षणको प्रमाण पेश हुनुपर्दछ । | |
| ६३. | **गो. भौ. नं. ६५४।२०७५।२।३०** | |
| | **<u>बढी तारजाली खर्च</u> :–** भेटघाट वस्तीको उत्तर सिरानतर्फ तटबन्ध निर्माण कार्यको उपभोक्ता समितिलाई रु. ४,२९,२७४।०० भुक्तानी दिएकोमा नापी मूल्यांकन अनुसार ३*१.५*०.७५ मेस साईजको जाली ८० वटा बुनेको रु. २,४७,४९३।६० भुक्तानी दिएको छ । कार्यालयले ८० वटा जाली बुनेकोमा ३० वटा जालीमा ढुंगा भरेको नापी मूल्यांकन गरेको छ । उपरोक्त अनुसार ५० वटा जालीको प्रयोग खुलाएको छैन । बुनेको जाली ८० वटामध्ये प्रयोग नभएको ५० वटा जाली कार्यालयले खोजी गरी आम्दानी बाँध्नुपर्ने अन्यथा जालीको मूल्य रु. १,५४,६८३।५० उपभोक्ता समिति वा नापी मूल्यांकन गर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ । | १,५४,६८३।५० |
| ६४. | **<u>नपाउने सुविधा लिएको</u> :–** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७.३ मा एकै दिन गई फर्कने गरी सरकारी काम काजमा खटी जाने पदाधिकारी वा कर्मचारीले यस नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च पाउन व्यवस्था छ । रात विताउने गरी काजमा खटिएकोमा बाहेक दैनिक भत्ता खर्च लेखन मिल्दैन | |

। वडाभित्रको योजना अनुगमन गर्दा दैनिक भत्ता नपाइने र नियममा अनुगमन भत्ताको व्यवस्था नभएकोले भुक्तानी भएको भत्ता असुल हुनुपर्दछ । २२,५००।००

| सि. नं. | पद | नाम थर | भत्ता रकम |
|---|---|---|---|
| १ | वडा अध्यक्ष | श्री जयनारायण जोशी | ४,५०० |
| २ | वडा सदस्य | श्री तुलसीदेवी कलौनी | ४५०० |
| ३ | वडा सदस्य | श्री बहादुर चौधरी | ४५०० |
| ४ | वडा सदस्य | श्री कासीराम जैसी | ४५०० |
| ५ | वडा सदस्य | श्री जगुदेवी सुनारनी | ४५०० |
| | | जम्मा | २२,५०० |

६५. **गो. भौं. नं. ७१।२०७४।६।९**

**<u>घरभाडा</u> :–** कुनै सरकारी कार्यालय वा गोदाम भाडामा लिनुपर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(४) अनुसार घर भाडा निर्धारण समितिको निर्णय अनुसार भाडा निर्धारण गरेपछिमात्र सम्झौता गरी भाडा खर्च लेख्नुपर्ने व्यवस्था छ । घरधनी श्री तारादत्त अवस्थीलाई २०७४ श्रावण महिनादेखि २०७५ असार मसान्तसम्मको रु. ३,१८,०००।०० घरभाडा भुक्तानी दिएकोमा घर भाडा निर्धारण समितिको निर्णय, घरधनीसंगको सम्झौता विना नै खर्च लेखेकाले असुल हुनुपर्दछ । ३,१८,०००।००

६६. जेष्ठ नागरिकको लागि नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमवाट मासिक भत्ताको व्यवस्था गरी रकम प्रदान गरेकोमा वित्तीय समानीकरण पूँजीगत खर्च शीर्षकवाट यस्तो प्रकारको कार्यक्रम सञ्चालन गर्नु उपयुक्त देखिएन । यस्तो कार्यक्रम नगरपालिकाले आन्तरिक श्रोतबाट सञ्चालन गर्नुपर्नेमा वित्तीय समानिकरण पूँजीगतबाट यस्तो प्रकारको खर्च लेखेकोले अनियमित देखिएको छ । ३,१०,०००।००

६७. **गो. भौ. नं. ५२।२०७४।७।१७**

**<u>अनुदान</u> :–** कार्यक्रम अनुसार लक्षित समुदायका पशुपालक किसानलाई अनुदानमा उन्नत जातका बोका उपलब्ध गराउने व्यवस्था रहेको छ । नगरपालिकामा उन्नत जातको वोयर बोका ना.प्रा.स. श्री किरण थापाले वितरण गरेको भनिएकोमा बोका वितरणको भरपाई, छनौट प्रकृया तथा वडाको सिफारिससमेत नरहेकोले उक्त कार्यक्रम गरेको हो भन्न सकिएन । उक्त कार्यक्रममा भएको खर्च सम्वन्धितबाट असुल हुनुपर्दछ । ५०,०००।००

६८. **गो.भौ.नं. ६१५।२०७५।२।२३**

**<u>अन्य संस्थालाई दिएको भुक्तानी</u> :–** नगरपालिका पूँजीगत खर्च शीर्षकबाट विनियोजन नै नगरेको संस्थाको भुक्तानी दिएको छ । ईलाका प्रहरी कार्यालय, गुलरीया, कृष्णपुरलाई ग्यारेज निर्माणको रु. ३,५०,०००।०० भुक्तानी गरेकोमा निर्माण कार्यको लागत अनुमान, नापी मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदनको प्रमाणसमेत पेश भएको छैन । ३,५०,०००।००

६९. **<u>छाडा चौपाया</u>** :– यस वर्ष छाडा चौपाया व्यवस्थापन गर्न रु. २०,००,०००।०० विनियोजन गरिएकोमा रु. १७,७२,३०८।०० खर्च गरेको छ । छाडा चौपायाहरु व्यवस्थापन गर्न विनियोजित बजेटबाट खर्च गरेकोमा पनि नगरभित्रका छाडा चौपायाहरु (गाई, गोरु, बाच्छा, बाच्छी) नियन्त्रण भएको पाइएन । छाडा चौपाया नगरमा छोड्नाले नगरको सभ्यता विग्रेको तथा दुर्घटना हुने र कृषि बालीहरु नष्ट गरेको पाइयो । छाडा चौपाया व्यवस्थापनको लागि भएको खर्च यथार्थ र प्रभावकारी भएको देखिएन । १७,७२,३०८।-

**<u>आन्तरिक चालुतर्फ</u> :**

७०. **गोश्वारा भौचर २८।२०७५।५।२७**

**<u>बिल भरपाईभन्दा बढी खर्च</u> :–** खर्च गरेको यथार्थ प्रमाण बेगर खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले आन्तरिक चालु खर्च शीर्षकको तालिम सञ्चालनमा रु. ५८,११५।०० मात्र बील भर्पाइ पेश भएकोमा बैंक नगदी किताबमा रु. १,१६,२३०।०० खर्च लेखिएकोले बढी खर्च लेखेको रु. ५८,११५।०० र बैठक भत्ता वितरण गरेको भर्पाइमा केरमेट गरी रु. १५,०००।०० समेत रु. ७३,११५।०० असुल गर्नुपर्दछ । ७३,११५।००

**<u>ब. उ. शी. नं. सशर्त अनुदान शिक्षा तर्फ</u>**

७१. **<u>गैर नेपाली नागरिकलाई भूक्तानी</u> :–** नेपालको संविधान र प्रचलित ऐन नियमअनुसार नेपाली नागरिकलाई मात्र सरकारी सेवामा नियुक्त गर्ने प्रावधान रहेको छ । विद्यालय शिक्षक कितावखाना, छाउनी, काठमाडौंको च.नं. ४२६० मिति २०७५।१।५ को पत्रानुसार औषधि उपचार विरामी विदाबापत सेवा अवधि २३ वर्ष ९ महिना २१ दिन को भारतीय नागरिक शिक्षक श्री रामधारी यादवलाई भुक्तानी दिइएको छ । औषधि उपचार रु. ७,९४,२५९।७०

४,९६,८८८।०० र विरामी विदाको रु. २,९७,३७१।७० गरी रु. ७,९४,२५९।७० भुक्तानी दिन मिल्ने आधार प्रमाण पेश हुनुपर्दछ ।

७२. **अनुपस्थित अवधिको तलब :–** निजामती सेवा ऐन, २०४९ अनुसार हाजिर भएको अवधिको मात्र तलब भत्ता पाउने व्यवस्था छ । विद्यालय निरीक्षक श्री दीपकराज कलौनी २०७४ साल चैत्र (६, ७, ८, १२, १३, १८ र १९ गते) कार्यालयमा अनुपस्थित भएको र विदा स्वीकृत भएको पनि नदेखिएकोले सो अवधिको तलब भत्ता भुक्तानी गर्न मिल्ने देखिएन । उक्त अवधिको तलब मासिक रु.३५,५८५।०० को हिसाबले ७ दिनको हुने रु.९१३३।४९ ( कर्मचारी संचय कोष थपसमेत) असुल गर्नुपर्दछ । ९१३३।४९

७३. **गो. भौ. नं. ५७२०७५।२।२९**

**लागत अनुमानभन्दा बढी भुक्तानी :–** सार्वजनिक खरिद नियमावली, २०६४ को १० अनुसार लागत अनुमान तयार गर्नुपर्ने र नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानको दररेटभन्दा बढीका दरले रकम भुक्तानी दिनु नहुने व्यवस्था छ । कार्यालयले राजमार्गदेखि पवित्रवस्ती जाने बाटोमा कल्भर्ट निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिदा ह्युमपाईप खरिदको लागि कायम लागत अनुमानभन्दा रु. २७,९५२।०० बढी भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ । २७,९५२।००

७४. **सञ्चालन खर्च :–** नेपाल सरकारले उपलब्ध गराएको वित्तीय समानीकरण पूँजीगतको बजेटबाट चालु प्रकृतिका खर्चहरु गर्न मिल्ने र नगरपालिकाको स्वामित्वमा रहेको बाहेकका कुनै पनि संस्थाको कार्यालय सञ्चालनसँग सम्बन्धित खर्च गर्नसमेत मिल्दैन । देखतभुली साना किसान कृषि सहकारी संस्था लिमिटेडको क्षमता विकासको लागि बजेट रु. ६०,०००।०० छुट्याई देहायका कार्यमा खर्च गरेको छ। नगरपालिकाको स्वामित्वमा नरहेको उक्त संस्थाको क्षमता विकास सम्बन्धी कार्यमा खर्च गर्न मिल्ने नदेखिएकोले खर्च अनियमित देखिएको छ । ६०,०००।००

| गोश्वारा भौचर र मिति | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| ४०/२०७५/१/४ | डेस्कटप कम्प्यूटर | १२,०००/- |
| | सि.पि.यु. कोर आई ३ | ३३,०००/- |
| | यू. एस. बि. माउस | ५००/- |
| | यू. एस. बि. किबोर्ड | ५००/- |
| | कम्प्यूटर यू. पि. एस. | ४,०००/- |
| | कम्प्यूटर टेवल | १०,०००/- |
| | जम्मा | ६०,०००/- |

**ब.उ.शी.नं. सामाजिक सुरक्षा कार्यक्रम तर्फ**

७५. **सामाजिक सुरक्षा भत्ता :–** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ अनुसार लाभग्राहीहरुको मुल लगत किताब तयार गरी राख्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल लगत राखेको पाइएन । लेखापरीक्षणको क्रममा छडके परिक्षण गर्दा निम्न वडाका सचिवहरुले एम. आई. एस. सिष्टममा प्रविष्ट गरेकोभन्दा फरक लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी दिएको देखिएकोले कार्यालयबाटै आवश्यक छानविन गरी असुल गर्नुपर्दछ । ७,१२,०००।००

| सि. नं. | वडा नं. | रकम रु. |
|---|---|---|
| १ | १ | ७५,६०० |
| २ | २ | ७७,६०० |
| ३ | ३ | २५,६०० |
| ४ | ४ | १,८२,६०० |
| ५ | ५ | ६१,८०० |
| ६ | ६ | ९४,८०० |
| ७ | ७ | १,१४,००० |
| ८ | ८ | ३२,४०० |
| ९ | ९ | ४७,६०० |
| | जम्मा | ७,१२,००० |

**ब.उ.शी.नं. वित्तीय समानीकरण अनुदान शिक्षा तर्फ**

७६. नगरपालिका अर्न्तगत माध्यमिक विद्यालय १३ र आधारभुत विद्यालय २१ समेत ३४ विद्यालयहरुमा कार्यरत शिक्षकहरुको दरवन्दी प्रमाणित हुने आधारभुत कागजातहरु पेश नभएको तथा विद्यालयगत निकासा खाता नराखेकोले विद्यालयहरुलाई निकासा भएको रकम यकिन गर्न सकिएन । कार्यालयले विद्यालयहरुमा कार्यरत शिक्षकहरुको दरवन्दी प्रमाणित हुने आधारभुत कागजातहरु राख्नुपर्दछ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

७६.१ **पारिश्रमिक आयकर :–** करयोग्य आय भएका कर्मचारी तथा शिक्षकको पारिश्रमिक कर आयकर ऐन, २०५८ को दफा ८७ को अनुसुची १ बमोजिम कर गणना गरी पारिश्रमिक अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। दोहायका विद्यालयका शिक्षकहरुको वार्षिक पारिश्रमिक करयोग्य देखिएकोले कर असुल गरी संघीय सञ्चित कोष दाखिला दाखिला हुनुपर्दछ। १,३८,५६५।००

| सि. नं. | शिक्षकको नाम | वार्षिक आय रकम | वार्षिक छुट पाउने रकम | कर योग्य रकम | कर रकम |
|---|---|---|---|---|---|
| १ | श्री हिक्मतराज जोशी | ५,३२,२५९/- | ४,४५,१७२/- | ८७,०८७/- | १३,०६३/- |
| २ | श्री खगेन्द्र प्रसाद ओझा | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ३ | श्री लोकराज भट्ट | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ४ | श्री विसन बहादुर शाही | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ५ | श्री मन्जु जोशी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ६ | श्री कृष्णानन्द जोशी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ७ | श्री चक्रदेव जोशी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ८ | श्री भवराज निरौला | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ९ | श्री कृष्ण दत्त भट्ट | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| १० | श्री टिका दत्त भट्ट | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ११ | श्री महेश प्रसाद जोशी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| १२ | श्री केशवराज जोशी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| १३ | श्री त्रिलोक प्रसाद जोशी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| १४ | श्री श्याम सुन्दर ओझा | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| | **जम्मा** | | | | **१,३८,५६५/-** |

**व.उ.शी.नं. सशर्त अनुदान स्वास्थ्य कार्यक्रम तर्फ )**

७७. कृष्णपुर स्वास्थ्य चौकीको औषधिको जिन्सी खाता परीक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् :–

७७.१ स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसारको Authorized Stock Level र Emergency Order Point अनुसारको औषधिहरु स्टक खुलाई राख्नुपर्नेमा सो अनुसार खुलाई राखेको र Emergency Order Point भएपछि औषधिहरु माग गर्नुपर्नेमा सो अनुसार भए गरेको देखिएन। स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसार गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ। परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नअनुसार छन् :–

| सि. नं. | औषधीको नाम | कैफियत देखिएका व्यहोराहरु |
|---|---|---|
| १. | पिल्स | मिति २०७४।५।५ देखि २०७४।५।२५ सम्म, २०७४।७।२० देखि २०७४।८।११ सम्म, र २०७५।२।२ देखि २०७५।२।२७ सम्म शुन्य मौज्दात रहेको। |
| २. | जीवन जल (ओ आर एस) | मिति २०७४।६।८ देखि २०७४।८।११ सम्म, २०७४।१२।२८ देखि २०७५।१।१४ सम्म, र २०७५।१।२० देखि २०७५।१।२७ सम्म शुन्य मौज्दात रहेको। |
| ३. | भिटामिन "बि" कम्प्लेक्स | मिति २०७४।४।२२ देखि २०७५।१।१४ सम्म शुन्य मौज्दात रहेको। |
| ४. | पारासिटामोल ५०० एम जि | मिति २०७४।१२।६ देखि २०७४।१२।२८ सम्म शुन्य मौज्दात रहेको। |
| ५. | एमोक्सोसिलिन ५०० एम जि | मिति २०७४।५।२७ देखि २०७४।६।८ सम्म, २०७४।११।३ देखि २०७५।१।१४ सम्म, र २०७५।२।२० देखि २०७५।३।३२ सम्म शुन्य मौज्दात रहेको। |
| ६. | फोलिक एसिड ०.४० एम जि | मिति २०७४।५।२७ देखि २०७४।६।८ सम्म, २०७४।९।१९ देखि २०७४।११।१२ सम्म शुन्य मौज्दात रहेको। |

७७.२ **औषधिको म्याद नाघेको :–** नेपाल सरकारबाट निःशुल्क वितरणकोलागि प्राप्त औषधिहरु तोकिएको म्यादभित्र नै वितरण गर्नुपर्दछ। लेखापरीक्षणको क्रममा स्वास्थ्य चौकीहरुको स्थलगत निरीक्षण गर्दा Metronidazole Oral Suspension 200 mg 60 ml को ३५० भाईल २०७५ कार्तिक महिनादेखि म्याद नाघेको भेटिएको छ। नेपाल सरकारबाट निःशुल्क वितरण गर्न प्राप्त औषधिहरु समयमा नै वितरण गर्नुपर्दछ।

**आन्तरिक कोष चालूतर्फ**

७८. **कर्मचारी सुविधा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुनबमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ। नगरपालिकामा कार्यरत कर्मचारीलाई मासिक तलबमा भत्तासमेत निश्चित प्रतिशतले आन्तरिक कोषको चालू शीर्षकबाट भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघीय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले २०७४।७५ मा गरेको उक्त खर्च अनियमित देखिएको छ। ८७०३२५।८१

७९. **पेश्की :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ को उप नियम (३) मा उपनियम (२) बमोजिम दिएको पेश्की रकम तोकिएको म्यादभित्र फछ्यौट गर्नुपर्ने व्यवस्था छ। फछ्यौट हुन बाँकी पेश्की नियमानुसार फछ्यौट हुनुपर्दछ। १९००९३००।-

| सि.नं. | पेश्की दिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| | | **व.उ.शि.नं. वित्तिय समानिकरण तर्फ** | |
| १ | २०७५/३/२७ | रश्मी विल्डर्स प्रा. लि., कञ्चनपुर | १,१३,२१,०००/- |
| २ | २०७४/९/६ | बल बहादुर महरा | ४०,०००/- |
| ३ | २०७५/३/१४ | अपी ईको कन्सल्टेन्सी एण्ड रिसर्च प्रा. लि., काठमाण्डौं | १,४८,०००/- |
| ४ | २०७५/३/३१ | रोयल श्रीपुर जे. भी., कैलाली | ६२,००,०००/- |
| ५ | २०७४/६/८ | कृष्णपुर स्वास्थ्य चौकी | ६,००,०००/- |
| ६ | २०७४/१२/१२ | सेन्टर फर अर्वान डेभलपमेण्ट कन्सल्टीङ्ग सर्भिसेज प्रा. लि., काठमाण्डौं | २,७९,६००/- |
| ७ | २०७५/३/१८ | प्रकाश चौधरी | ६१,०००/- |
| ८ | २०७४/११/२१ | हिमाल बहादुर मल्ल | ४०,०००/- |
| ९ | २०७५/३/३० | लाल बहादुर शाही | १,००,५००/- |
| | | **जम्मा** | **१,८९,३८,५००/-** |
| | | **व.उ.शि.नं. कोष प्रशासनिक चालु खर्च तर्फ** | |
| ११ | २०७४/१२/२४ | नत्थुराम चौधरी | २०,८००/- |
| | | **जम्मा** | **२०,८००/-** |
| | | **व.उ.शि.नं. कोष प्रशासनिक पूँजीगत खर्च तर्फ** | |
| १२ | ५/२०७४/११/१५ | सर्पदंश उपचार केन्द्र अर्जुनी व्यारेक | ५०,०००/- |
| | | **जम्मा** | **५०,०००/-** |
| | | **कुल जम्मा** | **१,९०,०९,३००/-** |

८०. **धरौटी तर्फ** :– गो. भौ. नं. १।२०७४।९।२ - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ अनुसार गतवर्षको धरौटीको मौज्दात जिम्मेवारी सार्नुपर्दछ । कार्यालयले गतवर्षको धरौटीको मौज्दात रु. १४,२०,३७१।४९ जिम्मेवारी सार्नुपर्नेमा रु. ९,२५,१५१।३५ मात्र जिम्मेवारी सारेको देखाएको छ । घटी जिम्मेवारी सारेको सम्बन्धमा स्पष्ट गरी आम्दानी बाँध्नुपर्दछ । ४,९५,२२०।१४

८१. **व्यक्तिगत धरौटी खाता** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ८ अनुसार प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नु पर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिलेदेखिको धरौटी रहेको हो यकिन गर्न सकिएन । कार्यालयले धरौटी हिसाब अद्यावधिक गर्नुपर्दछ ।

८२. **आन्तरिक लेखापरीक्षण** :– आर्थिक कार्यविधि नियमावलीको नियम ९६.३ मा आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडिनै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनुपर्ने प्रावधान छ। कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम भएको देहायका बेरुजु लेखापरीक्षणको अवधिसम्म असुल फछ्र्यौट गरेको नदेखिएकोले असुल फछ्र्यौट गर्नु पर्दछ । ८५,१९१।७७

८२.१ **संचित कोष**:– सार्वजनिक खरिद ऐन नियमानुसार सार्वजनिक निकायलाई प्रचलित कानुनबमोजिम प्राप्त भएका रकमको गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी वाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्टसम्ममा बैक दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित प्रावधानको पालना गरी समयमै राजस्व दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

८२.२ **ठेक्का लगतः** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम १११ मा लेखाको ढाचा महालेखा नियन्त्रकको कार्यालयले महालेखा परिक्षकको कार्यालयवाट स्विकृत गराइ प्रयोगमा ल्याउनु पर्ने व्यवस्था छ । सो बमोजिम ठेक्का सम्वन्धी अभिलेख राख्न म.ले.प. फाराम नं. १९० स्विकृत गरिएको छ । कार्यालयले ठेक्का सम्वन्धी अभिलेख खाता राखेको पाइएन । सो नराखेवाट भएका ठेक्का पट्टा कार्यको बिष्लेषण गर्न सकिएन । तसर्थ कार्यालयले उक्त खाता राखी ठेक्का लगत व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

८२.३ **बिमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. दश लाख भन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यको बिमा गराउनु पर्ने उल्लेख छ। कार्यालयले निर्माणाधिन १० लाख भन्दा बढि लागतका संरचनाहरुको लागत अनुमान तयार गर्दा बिमाको रकम समावेश गरेको देखीएन । निर्माण हुने संरचना तथा औजार उपकरण कामदार तथा कर्मचारी समेतलाइ सम्भावित क्षतिवाट बचाउन बिमा गराउनु पर्ने नियमावलीको प्रावधान पालना हुनुपर्छ ।

८२.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिवाट कार्य गराउदा मितव्ययिता गुणस्तरियता वा दिगोपना अभिबृदि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजन गर्ने र लाभग्राही समुदायलाइ सहभागी गराउने भएमा तोकीए बमोजिमको कार्यबिधि पुरा गरि त्यस्तो कार्य उपभोक्तावाट गराउन सक्ने व्यवस्था उल्लेख छ । कार्यालयले यस वर्ष सोलार जडान, ट्रस ब्रिज निर्माण जस्ता प्राबिधिक दक्षता चाहिने कार्य पनि उपभोक्ता समितिवाट गरेको पाइयो । यस्ता प्रकृतिका कार्यहरु सम्वन्धित कामको दक्षता भएको आपुर्तिकर्ता वा निर्माण व्यवसायीवाट प्रतिस्पर्धात्मक प्रकृय वाट गराउनु पर्ने देखिन्छ ।

८२.५ भ्रमण खर्च भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार अनुसुची ६ बमोजिमको ढाचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ अनुसार भ्रमण गर्ने पदाधिकारी वाट भ्रमणको उद्देश्य खुलाइ भ्रमण गर्नुपर्ने र भ्रमण प्रतिबेदन पेश गर्नु व्यवस्था रहेको सो नगरेको समेत भुक्तानी खर्च लेखेको पाइयो । कार्यालयले भ्रमणको उद्देश्य अनुसार भ्रमण प्रतिबेदन लिएर मात्र भ्रमण भत्ता भुक्तानी गर्नुपर्छ ।

८२.६ **नापी कितावः** कार्यालयले नापी किताव नियन्त्रण अभिलेख खाता म.ले.प. १७२ राखेका पाइएन । नापी किताव नापजाचको कम्प्युटर प्रिन्ट पाना मात्र स्रेस्ता संग संलग्न छ । योजनाको अद्वावधिक लागत देखिने गरि एकिकृत नापी किताव प्रयोग भएको छैन । कार्यालयले उक्त खाता राखी नापी कितावको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

८२.७ **परामर्श सेवाः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ तथा नियमावली २०६४ को परिच्छेद ६ मा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तीवाट काम हुन नसक्ने भएमा परामश सेवा खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले ढलनिकास तथा सर्भे डिजाइन गर्ने कार्यका लागी ECOCODE NEPAL PVT.LTD. संग सम्झौता गरेको छ । सर्भे डिजाइनको परामर्श सेवा लिन लागत अनुमान तयार, प्रयोग गरेको दररेट र जनशक्तीको कार्य दिन सम्वन्धी नर्म्स सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ बमोजिम पेश नभएको र परामर्श सेवा लिनु अधि कार्यालयमा उपलव्ध जनशक्तीवाट काम गराउन सम्भव नभएको बिश्लेषण गरेको छैन । उल्लेखित फर्मले उक्त भुकतानीका लागी जारी गरेको बिजक न. ०४० रु ९९६६६०. भ्याटसहित वडा कार्यालयको भवन तथा न पा भवनको सर्भे डिजाइन भनि उल्लेख गरेको पाइएको छ ।

८२.८ नवदुर्गा देखी दयाअमरपुर जानेवाटोमा स्लेभ कल्भर्टका लागी जनश्रमदान कटाइ बाकी रु. ४९८५७३। भुक्तानी दिनेगरी प्राबिधिक बिल तयार भएकोमा रु ५०००००। भुक्तानी भएको हुदा बढी भुक्तानी भएको र असुल दाखीला हुनु पर्ने रु. १४२७.००

८२.९ खेमराज चटौत B.E.Mechenical संग प्रति सवारी साधन २५,०००. का दरले १ थान हाइड्रोलिक टिप्पर र २ थान हाइड्रोलिक टेक्टर खरिदको खरिद मुल्याङ्कन तथा प्राबिधिक जाचका लागी ७५,००० भ्याट सहित सम्झौता भइ भुक्तानी भएकोमा सो को कर बिजक जारी नभएको तथा १ प्रतिशत मात्र कर कट्टी भएको हुदा १५ प्रतिशतले कर कट्टा गर्नुपर्ने र बिल बेगर भुक्तानी भएको नियमित नदेखीएको रु. ७५,०००।००

८२.१० वडा न.१ मदिरा जुवा तास नियन्त्रणका सम्वन्धी कार्यक्रम संचालन वाफत वडा सचिव जय वहादुर साउद को पे.फ. हुदा ६ जना प्रशिक्षकहरुको पारिश्रमिक रु १३९५०। को १५ प्रतिशतका दरले हुने कर कट्टि रु २०९२.५० दाखिला हुनुपर्ने रु. २०९२।५०

८२.११ आर्यघाट व्यवस्थान समिती कृष्णपुर बंक २ लाइ उपभोक्ता बिल तथा नापी किताबमा २३१३५१।६२ को कार्य सम्पन्न भएको र उपभोक्ताको सहभागीता ३२५२९.१८ धटाइ रु १९८८२२.५५ भुक्तानी हुनुपर्ने मा रु २०००००। भुक्तानी भएको हुदा बढी भुक्तानी भएको रु. ११७७.७५

८२.१२ वालाजि सर्जिकल सप्लार्यसवाट सर्जिकल सामान खरिद वाफत भुक्तानी भएको रु ८००००।को अग्रिम आयकर कट्टि नभएको हुदा कर कट्टि गरि असुल दाखिला हुनुपर्ने रु. १२००।००

८२.१३ वडा न ४ नवयुवादेखी तपेन्द्र स्वारको धर वाट वडा ६ जोडने वाटोमा ग्राभेल बिछ्याउने कार्यका लागी जनसहभागिता घटाइ रु १४८७५९ को प्रबिधिक बिल तयार भएकोमा रु १५०००० भुक्तानी भएकोमा बढी भुक्तानी भएको असुल हुनुपर्ने रु. १२४१.००

८२.१४ वडा न ५ कार्यालयको जमिनमा धेरवार निर्माणका लागी जनश्रमदान कटाइ २९७९५८.९६ को प्राबिधिक बिल तयार भएकोमा रु. ३०००००।- भुक्तानी भएको हुदा बढि भुक्तानी भएको रु. २०४२। असुल दाखीला हुनुपर्ने रु. २०४२।००

८२.१५ घर समाज ग्राभेल समितिले ग्राभेल कार्यको ग्राभेल कार्यको प्राबिधिक नापजाचको अधारमा रु ६८९८८।४८ को बिल तथा कार्यसम्पन्न प्रतिबेदन तयार भएको तर रु ७०००० भुक्तानी भएकोमा बढी भुक्तानी भएको असुल दाखिला हुनुपर्ने रु. १०११.५२

८२.१६ कार्यालयले भुक्तानीमा गरिएका कर कट्टि तथा अन्य कट्टि रकमहरु ढिलोगरी बैंक दाखीला गर्ने गरेको पाइएकोमा उक्त कट्टि रकम समयमै दाखिला गर्नुपर्ने देखिन्छ ।

८२.१७ आर्थिक वर्ष ०७४।०७५ मा संचालित योजनाहरुमध्ये के कति सम्पन्न भए र के कति क्रमागतमा रहेको छन् र कति योजना उपभोक्ताहरुलाई हस्तान्तरण भए भन्ने थाहा हुने क्षेत्रगत विवरण तयार गर्नुपर्नेछ ।

८३. **<u>वित्तीय जवाफदेहिता</u> :–** कार्यालयको आन्तरिक व्यवस्थापन, खरिद व्यवस्थापन, वित्तीय व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीलगायत विषयमा तयार गरिएको वित्तीय जवाफदेहिता सुचकका आधारमा मूल्यांकन गर्दा यो नगरपालिका “सी” ग्रेडिङ्गमा परेकोले वित्तीय जवाफदेहिता प्रर्वद्धन गर्न विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

८४. **<u>बेरुजू</u> :–** नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ६४ लाख ९४ हजार, अनियमित बेरुजू रु. २ करोड २४ लाख ४४ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. १ करोड ३० लाख ७२ हजार र पेश्की बाँकी देखिएको रु. १ करोड ९० लाख ६९ हजारसमेत रु. ६ करोड १० लाख ७९ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. ६० हजार फछ्र्यौट भई रु. ६ करोड १० लाख १९ हजार बेरुजू कायम भएको छ ।

८५. **<u>अनुगमन तथा मूल्याङ्कन</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (द्व) | यो वर्ष फछ्र्यौट (द्य) | बाँकी (ऋृ द्व.द्य) |
|---|---|---|
| १,२०,७६,०००/- | - | १,२०,७६,०००/- |

८६. **<u>अद्यावधिक बेरुजु स्थिति</u> :–** कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (अ) | यो वर्षको सं प.बाट कायम बेरुजु (ज) | यो वर्षको कायम बेरुजु (भ) | बाँकी (ङ ऋ्ज्भ) |
|---|---|---|---|
| १,२०,७६,०००/- | - | ६,१०,१९,०००/- | ७,३०,९५,०००/- |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची– १

# कृष्णपुर नगरपालिकाको बेरुजू वर्गीकरण
## २०७४।७५

(रु.हजारमा)

| स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | |
| | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा |
| ष्णपुर नगरपालिका | ४५ | ५६ | ६१०७९ | - | १ | ६० | ४५ | ५५ | ६१०१९ | ६४९४ | २२४४४ | १३०७२ | - | - | ४२०१० |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | कृष्णपुर नगरपालिका | कञ्चनपुर | २७०८७ | ४०४४७६ | ६९७१९ | १७६८४ | ४९१८७९ | ३४१९१७ | ११७८२३ | ९६२३ | ४६९३६३ | ४९६०३ |